# दुल्लू नगरपालिका

# स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण निर्देशिका २०७९

दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख
कर्णाली प्रदेश, नेपाल ।

# दुल्लू नगरपालिका

# स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण निर्देशिका २०७९

**प्रस्तावना :** दुल्लू नगरपालिकाको स्वास्थ्य संस्थादर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका बनाउँन बाञ्छनीय भएकोले दुल्लू नगरपालिकाको नगर स्वास्थ्य तथा सरसफाई सेवा ऐन २०७६ को दफा ३५ बमोजिम दुल्लू नगरपालिकाको नगरकार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद—१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम दुल्लू नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका २०७९ रहेको छ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) **"अकुपन्चर केन्द्र"** भनाले बहिरङ्ग अकुपन्चर सेवा तथा परामर्श सेवा प्रदान गर्ने केन्द्र सम्झनुपर्छ ।

(ख) **"अकुप्रेसर केन्द्र"** भन्नाले बहिरङ्ग अकुप्रेसर सेवा तथा परामर्श सेवा प्रदान गर्ने केन्द्र सम्झनुपर्छ ।

(ग) **"अस्पताल"** भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ ।

(घ) **"आयुर्वेद अस्पताल"** भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएका नर्सिङ्ग होम तथा पञ्चकर्म अस्पतालाई जनाउँछ ।

(ङ) **"आयुर्वेद क्लिनिक"** भन्नाले आधारभुत आयुर्वेद सेवा, परामर्श सेवा तथा उपचारात्मक सेवा प्रदान गर्ने क्लिनिक सम्झनुपर्छ ।

(च) **"ऐन"** भन्नाले दुल्लू नगरपालिकाको नगर स्वास्थ्य तथा सरसफाई ऐन २०७७ लाई सम्झनुपर्छ ।

(छ) **"कन्सल्टेन्ट"** भन्नाले सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि डिग्री वा डिप्लोमा प्राप्त गरेका वा तोकिए बमोजिमका विशेषज्ञ तालीम प्राप्त गरी सम्वन्धित काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सक सम्झनुपर्छ ।

(ज) **"गैरसरकारी वा निजि स्वास्थ्य संस्था "** भन्नाले प्रचलित कानुन बमोजिम स्विकृति लिई गैरसरकारी वा निजी क्षेत्रको लगानी तथा स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्था सम्झनुपर्छ ।

(झ) **"जेरीयाट्रिक परामर्श केन्द्र"** भन्नाले जेष्ठ नागरिकलाई स्वास्थ्य जीवन शैली सम्बन्धी परामर्श सेवाप्रदान गर्ने केन्द्र सम्झनुपर्छ ।

(ञ) **"नगरपालिका"** भन्नाले दुल्लू नगरपालिका सम्झनु पर्छ ।

(ट) **"निजी अस्पताल वा नर्सिङ्ग होम"** भन्नाले स्वास्थ्य सेवाप्रदान गर्ने उद्धेश्यले प्रचलित कम्पनी कानून बमोजिम स्थापनाा भई दुल्लू नगरपालिकाबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिङ्ग होम सम्झनु पर्छ ।

(ठ) **"परम्परागत सेवाक्लिनिक"** भन्नाले स्थानिय उपलब्ध जडिबुटीद्धारा उपचार सेवा तथा परामर्श प्रदान गर्ने क्लिनिक सम्झनुपर्छ ।



दुल्लू नगरपालिका दुल्लू, दैलेख २०७३

(ड) **"प्रयोगशाला "** भन्नाले "डि" र "ई" समुहका प्रयोगशाला सम्झनु पर्छ । ई समुहका प्रयोगशाला भन्नाले आधारभुत स्वास्थ्य केन्द्रमा आधारित प्रयोगशाला सम्झनु पर्छ र डि समुहका प्रयोगशाला भन्नाले आधारभुत अस्पतालमा आधारित प्रयोगशाला सम्झनु पर्छ ।

(ढ) **"प्राकृतिक उपचार केन्द्र"** भन्नाले प्रारम्भिक प्राकृतिक उपचार सेवाहरु तथा परामर्श सेवा प्रदान गर्ने उपचार केन्द्र सम्झनुपर्छ ।

(ण) **"प्राविधिक समिति"** भन्नाले अनुसूची १ बमोजिमको नगर स्वास्थ्य प्राविधिक समिति सम्झनुपर्छ ।

(त) **"फिजियोथेरापी केन्द"** भन्नाले बहिरङ्ग फिजियोथेरापी सेवा तथा परामर्श सेवाप्रदान गर्ने केन्द्र सम्झनुपर्छ ।

(थ) **"पुर्नस्थापना केन्द"** भन्नाले मानसिक तथा शारीरिक पूर्नस्थापना केन्द्र सम्झनु पर्छ ।

(द) **"भवन निर्माण मापदण्ड"** भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड, २०७२ मा उल्लेखित मापदण्ड सो शब्दले स्वास्थ्य सम्बन्धी भवनको लागि छुट्टै मापदण्ड सम्झनु पर्छ र नभएको स्थानको हकमा अनुसूची २ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

(ध) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ ।

(न) **"भवन संहिता"** भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(प) **"सरकारी अस्पताल"** भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिकहितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवाप्रदायक अस्पताल सम्झनु पर्छ ।

स्पष्टीकरण : यस खण्डका प्रयोजनका लागि आंशिक स्वामित्व भन्नाले नेपाल सरकारको कम्तिमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनु पर्छ ।

(फ) **"सहकारी अस्पताल"** भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेत लाई स्वास्थ्य सेवा दिने उद्देश्यले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई दुल्लू नगरपालिका बाट स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(ब) **"सेवा रिग्पा (आम्ची) क्लिनिक"** भन्नाले सामान्य आम्ची उपचार सेवा तथा परामर्श सेवाप्रदान गर्ने क्लिनिक सम्झनुपर्छ ।

(भ) **"सामुदायिक अस्पताल"** भन्नाले सम्बन्धित सरकारी निकायमा संस्थादर्ता भई सामुदायिक लगानी र व्यवस्थापनमा सञ्चालनहुने गरी मुनाफा रहित उद्देश्य लिई दुल्लू नगरपालिका बाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ ।

(म) **"स्वास्थ्य क्लिनिक"** भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँच वटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, खोप सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनुपर्छ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा समेतलाई जनाउँदछ । स्वास्थ्य क्लिनिकले आधारभुत स्वास्थ्य सेवा अन्तर्गतका स्वास्थ्य सेवाप्रदान गर्नेछन् ।

(य) **"स्वास्थ्य संस्था"** भन्नाले यस निर्देशिका वा प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, स्वास्थ्य क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था र सो शब्दले आयुर्वेद अस्पताल, क्लिनिकहरु तथा यस्तै प्रकारका अन्य केन्द्रहरु समेतलाई जनाउँछ ।

(र) **"युनानी उपचार केन्द्र"** भन्नाले प्रारम्भिक युनानी उपचार सेवा तथा परामर्श सेवाप्रदान गर्ने केन्द्र सम्झनुपर्छ।

(ल) **"योग, ध्यान तथा शारिरिक व्यायम केन्द्र"** भन्नाले स्वास्थ्य प्रर्वधनात्मक योग अभ्यास, ध्यान, प्राणयाम तथा अन्य व्यायामहरु सम्बन्धी सेवा दिने केन्द्र सम्झनुपर्छ।

दुल्लू नगरपालिका
दुल्लू, दैलेख
२०७३

(व) **"होमियोप्याथी क्लिनिक"** भन्नाले प्रारम्भिक होमियोप्याथी उपचार सेवा तथा परामर्श सेवा प्रदान गर्ने क्लिनिक सम्झनुपर्छ ।

## परिच्छेद—२

## स्वास्थ्य सेवा सञ्चालन इजाजत प्रक्रिया

**३. स्वास्थ्य सेवा सञ्चालन इजाजत** : (१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न दुल्लू नगरपालिकाले इजाजत दिन सक्नेछ ।

(क) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक, सेवा रिग्पा (आम्चि) होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरु,

(ख) फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरिक व्ययाम केन्द्र, परम्परागत सेवा क्लिनिक तथा यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरु,

(ग) जेरियाट्रिक परामर्श केन्द्र,

(घ) डि र ई वर्गको प्रयोगशालाहरु,

(ङ) १५ शैया सम्मका अस्पताल ।

**४. पूर्वाधार निर्माण आसायपत्रका लागि निवेदन दिनु पर्ने** : (१) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य सस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि अनुसूची ३ बमोजिमका ढाँचामा आसाय पत्रका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा दुल्लू नगरपालिकाले निवेदन प्राप्त भएको पन्ध्र कार्य दिन भित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि प्राविधिक समिति खटाउन सक्नेछ :

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्ययोजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्‍याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या/जनघनत्व, (प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्‍याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुर्‍याउने थप योगदान,

(३) प्राविधिक समितिले उपदफा (२) मा उल्लिखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन तीस कार्य दिन भित्र दुल्लूनगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र कार्य दिन भित्र नगरपालिकाले बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई आसायपत्र प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपकालागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा दुल्लू नगरपालिकाले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ ।

**५. सञ्चालन इजाजत दिन सकिने** : (१) दफा ४ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भए पछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी अनुसूची ४ बमोजिमको ढाँचामा र स्वास्थ्य क्लिनिक स्थापना तथा सञ्चालन इजाजत लागि अनुसूची ५ बमोजिमका ढाँचामा दुल्लू

नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ । स्वास्थ्य संस्थादर्ताका लागि अनुसूची ७ बमोजिमको स्थापना दस्तुर बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा दुल्लू नगरपालिकाले निवेदन प्राप्त गरेको मितिले सात दिनभित्र प्राविधिक समिति खटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खटिएको प्राविधक समितिले पन्ध्र कार्य दिनभित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन दुल्लू नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राविधक समितिको प्रतिवेदनका आधार र यस निर्देशिकामा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई दुल्लू नगरपालिकाले पाँच वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न इजाजत दिन सक्नेछ । स्वास्थ्य सेवा सञ्चालन इजाजतपत्रको ढाँचा अनुसूची ५ बमोजिम हुनेछ ।

५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा (३) बमोजिम प्राविधिक समितिको प्रतिवेदन प्राप्त भएको मितिले सात कार्य दिनभित्र निर्णय गरी सक्नुपर्नेछ र सो को जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा (५) बमोजिम इजाजत लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले अनुसूची ७ मा उल्लेख भए बमोजिमका दस्तुरको अतिरिक्त दुइ गुणा बढी दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पूरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

(७) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई इजाजतका लागि निवेदन दिएका स्वास्थ्य संस्थाले अनुसूची ७ मा उल्लेख भए बमोजिमको अतिरिक्त लाग्ने दस्तुरमा ५० प्रतिशत बढि दस्तुर बुझाएमा एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पुरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

(८) उपदफा (२) (३) र (५) बमोजिम तोकिएको म्याद भित्र प्राविधिक समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले नगर प्रमुख समक्ष उजुर गर्न सक्नेछ । यसरी प्राप्त भएको उजुरी सम्बन्धमा सम्बन्धित नगर प्रमुखले उपदफा (२), (३) र ५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाई सञ्चालन अनुमतिको व्यवस्था गरिदिन सक्नेछ ।

**<u>६. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने</u>** : स्वास्थ्य संस्थाले आँफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस निर्देशिका बमोजिमका प्रकृया पुरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ । ।स्वास्थ्य संस्थाले दुल्लू नगरपालिका भित्र अनुमति प्राप्त भएको एक स्थानबाट अन्य स्थानमा स्वास्थ्य संस्थाको स्थानान्तरण गर्न चाहेमा दुल्लू नगरपालिका समक्ष निवेदन दिई यस निर्देशिका बमोजिमको मापदण्ड र प्रकृया पुरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ ।

**<u>७. पुनः अनुमति प्राप्त गर्न निवेदन दिनु पर्ने</u>**: (१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड कार्यान्वयन प्रयोजनका लागि यो निर्देशिका प्रारम्भ भए पछि तोकिएको अवधि भित्र पूर्वाधार तयारी योजना (भवन प्रबलीकरण वा नयाँ निर्माण योजना) सहित दुल्लू नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा दुल्लू नगरपालिले त्यस्ता स्वास्थ्य संस्थालाई यस निर्देशिका बमोजिम तोकेको पूर्वाधार पुरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक वर्षको समयावधि दिन सक्नेछ ।

दुल्लू नगरपालिका, दुल्लू, २०७२

(३) उपदफा (२) बमोजिम समयावधि थप भएका स्वास्थ्य संस्थाले प्रत्येक छ/छ महिनामा प्रगिति प्रतिवेदन दुल्लू नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(४) प्रबलिकरण हुने अस्पताल वा नँया निर्माण गर्न अनुमति लिई साविकको भवनबाट सेवा दिई रहेका स्वास्थ्य संस्थाले निर्माण अवधि भरका लागि भवनको कारण वा अस्पतालको औजार उपकरणले हुन सक्ने दुर्घटनाको लागि शैया क्षमता बराबरको संख्यामा प्रति व्यक्ति एक लाख रुपैया बराबरको सामुहिक दुर्घटना बीमाको व्यवस्था गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमका प्रकृया पुरा गरेका स्वास्थ्य संस्थालाई दफा ५ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ ।

(६) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिए पनि अनुमति नपाउने वा निर्धारित अवधि भित्र पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति दुल्लू नगरपालिले रद्द गर्नेछ ।

**८. अनुमति दस्तुर बुझाउनुपर्ने** : स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची ७ मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर दुल्लू नगरपालिकालाई बुझाउनु पर्नेछ ।

**९. नवीकरण गराउनुपर्ने**: (१) यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन इजाजतको अवधि समाप्त हुनु भन्दा कम्तिमा तीन महिना अघि दुल्लूनगरपालिका समक्ष नवीकरणका लागि अनुसूची ८ बमोजिको ढाँचामा निवेदन दिनु पर्नेछ । दुल्लू नगरपालिकाले आवश्यक जाँच वुझ गरी यस निर्देशिका बमोजिम मापदण्ड पूरा गरेको पाइएमा इजाजत पत्रको अवधि सकिनु अघि इजाजत पत्रको नवीकरण अनुसूची ९ बमोजिमको ढांचामा गरी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा दुल्लू नगरपालिकाले अनुसूची ७ मा उल्लेख भए बमोजिमको दस्तुर लिई पाँच वर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन इजाजतको नवीकरण गरिदिन सक्नेछ । तर यो निर्देशिका प्रारम्भ हुनु अघि स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार कायम नगरे सम्म तीन बर्षमा नबढाई प्रत्येक एक बर्षका लागि अनुमति नवीकरण गरि दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका अवधि भित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिना भित्र निवेदन पेश गरेमा दोव्बर नवीकरण दस्तुर लिई दुल्लू नगरपालिकाले सेवा सञ्चालन अनुमति नवीकरण गरि दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिमको अवधि भित्र नवीकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र स्वतः खारेज हुनेछ र सो जानकारी प्रादेशिक स्वास्थ्य संरचनामा समेत दिनुपर्नेछ ।

**१०. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था** : (१) स्वास्थ्यसंस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष परीक्षण (स्वःमूल्यांकन् गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र दुल्लू नगरपालिका समक्ष अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न दुल्लू नगरपालिले निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए दुल्लू नगरपालिका, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयले आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, विरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा

नमूना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस निर्देशिकाको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(४) यस निर्देशिकामा अन्यत्र जुन सुकै कुरा लेखिएका भएता पनि प्रादेशिक स्वास्थ्य संरचना तथा मन्त्रालयले जुन सुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेका अस्पताल वा स्वास्थ्य संस्था र दुल्लू नगरपालिकाको समेत अनुगमन गर्न सक्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(६) यस दफा बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस निर्देशिका बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई दुल्लू नगरपालिकाले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरि आएको सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य संस्थालाई कारवाही गर्नुपूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब कारण देखाई सफाइ पेश गर्ने मौक दिनुपर्नेछ ।

(८) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई वा व्यवस्थालाइ सीमित गर्नेछैन ।

(९) स्वास्थ्यसेवा संचालन सम्बन्धी अनुमति लिने प्रक्रिया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन । कुनै चिकित्सक, नर्स वा स्वास्थ्य कर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाईनेछ ।

(१०) दुल्लू नगरपालिका अन्तगर्तका निजी अस्पताल, नर्सिङ्ग होम, स्वास्थ्य क्लिनिक र औषधि पसलको अनुगमन अनुसूची १२ बमोजिमको चेकलिस्ट प्रयोग गरी गर्न सकिनेछ भने अन्य स्वास्थ्य संस्थाको अनुगमन प्रचलित कानून बमोजिम हुनेछ ।

**११. निवेदन दिन सक्ने** : (१) दफा १० को उपदफा (७) बमोजिम दिएका आदेश वा प्राविधिक समितिले यस निर्देशिका बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिनभित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनको लागि दुल्लू नगरपालिकाको नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

**१२. स्वास्थ्य संस्था गाभिई सञ्चालन गर्न सक्ने** : स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा सेवा सञ्चालन गर्न दुल्लू नगरपालिका समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा निवेदन दिन सक्नेछन ।

**१३. अनुमति खारेजी तथा कारवाही सम्बन्धी व्यवस्था** : (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि दुल्लू नगरपालिकाले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्नको लागि एक पटकको लागि तिन महिना समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा ९ को उपदफा (५) बमोजिमको अवधिभित्र अनुमति नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतःखारेज स्वतः खारेज हुनेछ ।

दुल्लू नगरपालिका दुल्लू, दैलेख २०७३

## परिच्छेद– ३

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

**१४. स्वास्थ्य सेवा सञ्चालन** : (१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुदैन ।

(२) कसैले यस निर्देशिका बमोजिम अनुमति नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्थालाई आवश्यक कानुनी कारवाहीको लागि सोझै सम्वन्धित जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनेछ र त्यस्ता संस्थाका सञ्चालक भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्नेगरी अभिलेख समेत राखिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफनो उद्देश्य र क्षमता अनुसार दुल्लू नगरपालिकाबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछः

(क) आधारभुत स्वास्थ्य सेवा

(ख) सामान्य चिकित्सा सेवा

(ग) सामान्य शल्यक्रिया सेवा

(घ) स्त्री तथा प्रसुति सेवा

(ङ) आकस्मिक सेवा,

(च) वाल सोग तथा शिशु सेवा

(छ) सामान्य दन्त सेवा

(ज) बहिरंग सेवा,

(झ) अन्तरंग सेवा,

(ञ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि)

(ट) फार्मेसी सेवा,

(ठ) रक्त सचार सेवा

**१५. गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड** : (१) स्वास्थ्य संस्थाले दफा १४ को उपदफा (३) बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लिखित मापदण्डहरुको समेत पालना गरेको हुनु पर्नेछः

(क) बहिरंग विभागमा आउने विरामीको चापका आधारमा विरामी दर्ता, विशेषज्ञ परामर्ष, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (इन्फेक्सन प्रिभेन्सन) को व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न ईकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु गुणस्तरीय रुपमा सञ्चालन गर्न कार्य सञ्चालन निर्देशिका (स्टयान्डर अपरेटिङ म्यान्यूल) तयार गरी लागु गर्नु पर्नेछ।

(घ) स्वास्थ्य संस्थाले बहिङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सवैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सक बाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।



दुल्लू नगरपालिका दुल्लु, दैलेख २०७३

(छ) बिरामी वा बिरामीको रेख देख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ ।

(ज) स्वास्थ्य संस्था परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनुपर्ने छ ।

(झ) सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनु पर्नेछ ।

(ञ) सेवाग्राहीको गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(ट) सेवाग्राहीले स्वास्थ्य सस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको नागरिक बडापत्र स्वास्थ्य संस्थामा अनुसूची १० बमोजिमको ढाँचामा तयार गरी सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको निश्चितता गर्नु पर्नेछ ।

(ठ) स्वास्थ्य संस्थामा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिन व्यवस्था गरेको हुर्नु पर्नेछ ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्य कर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्नेछ ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेका प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

(त) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनु पर्नेछ।

(थ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्नेछ र सो को विवरण अनुसुची ११ बमोजिमको ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(द) आकस्मिक विभागबाट बिरामी भर्ना गर्न, रिफर गर्न, बिरामीको रेफरल प्रकृया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुन पर्नेछ र सोको व्यहोरा बमोजिमको ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सोको प्रतिवेदन दुल्लू नगरपालिको कार्यालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाका व्यवस्था हुनपर्ने र आवश्यक मात्रामा शैया छुटयाउनु पर्नेछ ।

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनुपर्नेछ ।

(ब) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सोको जानकारी दुल्लू नगरपालिकाको कार्यालयमा दिनु पर्नेछ ।

(भ) अस्पतालले सूचना अधिकारी तोक्नुपर्नेछ ।

दुल्लू नगरपालिका
दुल्लू, दैलेख
२०७२

## परिच्छेद–४

## अस्पताल सम्बन्धी मापदण्डहरु

**१६. अस्पतालको पूर्वाधार सम्बन्धी थप मापदण्ड** :(१)अस्पतालले सेवा सञ्चालन गर्दा देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछ :

(क) अस्पताल रहने स्थान धुवाँ, धुलो, ध्वनि, जल तथा जमिन प्रदूषणवाट मुक्त भएको ।

(ख) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको ।

(ग) अस्पताल स्थापना हुने स्थान सडक यातायातको पहुचँ भएको ।

(घ) पानी, बिजुली र सञ्चार सुबिधा उपलब्ध भएको ।

(ङ) सवारी साधन पार्किका लागि पर्याप्त व्यवस्था भएको ।

(च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि बृक्षारोपण तथा बगैचाको व्यवस्था भएको ।

(२) आकस्मिक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः

(क) कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ ।

(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरुमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हिलचेर, ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनु पर्नेछ ।

(ग) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज रुम (Triage Room), चेन्जिङ्ग रुम, मेडिको लेगल केश (Medico-legal Case) जस्तै रेप भिक्टिम (Rape victim) आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनु पर्नेछ ।

(घ) चौवीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(ङ) आकस्मिक विभागवाट विरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रकृया बिरामी तथा सर्ने पद्धति स्पष्टरुपमा परिभाषित रहेको हुनु पर्नेछ ।

(च) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई बिचार गरी आकस्मिक सेवाका उपचार लागि संस्थाले विपत (व्यवस्थापन योजन बनाएको हुनु पर्नेछ) ।

(छ) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तिमा वेसिक लाइफ सर्पोट/प्राइमेरी ट्रमा केयर/ एडभान्स कार्डिएक लाएफ सर्पोट/एडभान्स ट्रमा लाइफ सर्पोट सम्बन्धी तालिम लिएको हुनु पर्नेछ ।

(३) बहिरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः

(क) अस्पतालबाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाका लागि ओ.पी.डी. कक्षको व्यवस्था मिलाएको ।

(ख) अस्पतालका लागि सामान्यतया सामान्य चिकित्सा, वालरोग, सामान्य शल्यक्रिया, स्त्री तथा प्रसुती सेवा हुनुपर्नेछ ।

(ग) उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्राहीले उपलब्ध भएसम्म रोजेको चिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था भएको ।

(४) अन्तरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः

(क) अस्पतालमा शल्यक्रिया पश्चात पनि बिरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनु पर्ने र तत्प्रश्चात पनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल उपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने ।

(ख) नर्सिङ्ग ड्युटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्ने । उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा कल बेल राख्नु पर्ने ।

(५) एलाईड हेल्थ तथा निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः

(क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनु पर्ने ।

(ख) रेडियो डाइग्नोसिस, अल्ट्रासाउण्ड, एक्सरे फिल्म लोडिङ, अनलोडिङ तथा प्रोसेसिङ लगायतका इमेजिङ सेवा कक्षहरु ओ.पी.डी., ओ.टी. तथा वार्डहरुलाई समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (ब्हीलचेयर, ट्रली, स्ट्रेचर) गरी संचालनमा ल्याएको हुनुपर्ने ।

(ग) यस्ता सेवा प्रदान गरिने कोठाहरुमा प्रतिक्षालय, शौचालय, चेन्जिङ रुमको व्यवस्था समेत भएको हुनुपर्ने ।

(६) अस्पतालमा पोषण, खोप, आमा र वच्चाको स्वाथ्य, परिवार नियोजन, रोग नियन्त्रणा सेवा जस्ता सेवाहरुको सरकारको नीति बमोजिम प्रवद्र्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलब्ध हुनु पर्नेछ ।

(७) अस्पतालमा कम्तीमा वच्चा तथा आमाको लागि विशेषज्ञ सेवा उपलब्ध गराउनु पर्नेछ ।

(८) औषधि पसल (फार्मेसी) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछः

(क) अस्पताल हाता भित्र औषधि पसलको व्यवस्था अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ बमोजिम गर्नु पर्नेछ ।

(ख) चौबिसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेका दक्ष जनशक्तिको व्यवस्था हुनु पर्नेछ ।

(ग) फार्मेसी कक्षमा औषधिको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै ताप संवेदनशील औषधी तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा हुनु पर्नेछ ।

(घ) उपचारमा प्रयोग गरिने लागू औषधहरु (नारकोटिक औषधहरु) लागू औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम स्वास्थ्य संस्थाले चिकित्सकको लिखित प्रेस्कीप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै औषधिको आम्दानी तथा वितरणको अभिलेख राख्नु पर्नेछ ।

(ङ) म्याद नाघेका औषधिहरु नियमित रुपमा प्रचलित निशर्ग मिनाहा निर्देशिका बमोजिमको विधि निर्देशिकामा तोके बमोजिमको विधि अपनाई नष्ट गर्नुपर्नेछ ।

(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ ।

(छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेख भएका शर्तहरु सम्पूर्ण अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(ज) औषधीको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी सूचना टाँस गर्नु पर्नेछ ।

दुल्लू नगरपालिका
दुल्लू, दैलेख
२०७३

(झ) भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधि पसल सञ्चालन हुने भवन निर्माण भएको हुनु पर्नेछ ।

(९) रक्त सञ्चार सेवा (ब्लड बैंक) का लागि देहाय बमावजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः

(क) बिरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी व्यवस्था मिलाइएको हुनु पर्ने ।

(१०) अस्पतालमा रहेका बिरामी तथा अन्य सेवाग्राहीलाई असहज नहुने गरी अलग्गै चिस्यान कक्ष वा शवगृहको व्यवस्था भएको हुनु पर्नेछ ।

(११) अस्पताल व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः

**(क) सोधपुछ तथा गुनासो सुनुवाई कक्षः**

(१) सेवाग्राहीहरुको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपूछ कक्षको व्यवस्था हुनुपर्ने ।

(२) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने उचित प्रवन्ध मिलाइएको हुनुपर्ने ।

**(ख) सूचना संप्रेषणः**

(१) अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन (इन्टरकम)को व्यवस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनुपर्ने ।

(२) अस्पतालहरुमा सार्वजनिक संचार सेवाको व्यवस्था हुनुपर्ने ।

(३) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवा टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्ने ।

**(ग) पानी वितरणः**

(१) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानी विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको आपूर्ति हुनुपर्ने ।

(२) अस्पताल द्वारा वितरण हुने पानीको गुणस्तर परिक्षण ४/४ महिनामा गराई अभिलेख राखिएको हुनुपर्ने । बहिरंग, नर्सिङ्ग कक्ष, अन्तरंग, अपरेशन थिएटर र आपतकालीन कक्षहरुमा पानी व्यवस्था हुनुपर्ने ।

**(घ) विद्युत आपूर्तिः**

(१) अस्पताल क्षेत्रभित्र र सबै विभागहरुमा चौबीसै घण्टा विद्युत आपूर्ति व्यवस्था हुने मिलाएको हुनुपर्ने । साथै लोडसेडिङ्को समयमा विद्युत आपूर्ति गर्न अटोमेटिक ब्याक अप सिष्टम स्थापना गरेको हुनुपर्ने ।

(२) ओ.टी., इमर्जेन्सी कक्ष लगायतका संवेदनशील कक्षहरुमा आपतकालीन विद्युत ब्याक अप सिष्टम राखेको हुनुपर्ने ।

**(ङ) सरसफाई तथा शौचालय व्यवस्थापनः**

(१) अस्पतालको सम्पूर्ण क्षेत्रं सधै सफा राख्नु पर्नेछ ।

(२) अस्पतालमा देहाय बमोजिमको सेवा दिइने कक्षहरु वा क्लिनिकमा शौचालयको व्यवस्था हुनु पर्नेछः

(क) आकस्मिक कक्ष

(ख) लेवर रुम

(ग) प्याथोलोजी सेवा

(घ) बहिरंग विभाग (आवश्यकता अनुसार महिला र पुरुषका लागि अलग अलग)



दुल्लु नगरपालिका
दुल्लु, दैलेख
२०७३

(ङ) प्रति छ बेडको जनरल सेवामा एक

(च) महिला तथा अपाङगका लागि अलगै

(छ) क्याविन तथा डबल रुमका लागि (एटेच भएको

(ज) डाक्टर तथा स्टाफका लागि (आवश्यकतानुसार)

(३) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि पर्याप्त पानी र साबुन सहितको शौचालयको व्यवस्था हुनु पर्नेछ ।

(४) शौचालय सधैं सफा राख्ने व्यवस्था गरेको हुनु पर्नेछ ।

**(च) मर्मत सम्भार व्यवस्थाः**

(१) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनु पर्नेछ । साथै ठूला र गम्भीर प्रकृतीका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनु पर्नेछ ।

(२) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्धुतीय उपकरण र अन्य उपकरणहरुको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

**(छ) बिरामी कुरुवालाई सुविधाः** अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई बस्न सक्ने प्रवन्ध हुनु पर्नेछ ।

**(ज) क्यान्टिन सुविधाः** स्वास्थ्य संस्था हाता भित्र खाना पकाउने (किचेन) र खाना खाने (डाइनिङ्ग) अलग–अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था भएको हुनु पर्नेछ ।

**(झ) लण्ड्री व्यवस्थानः**

(क) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, खोल, तकिया, रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था भएको हुनुपर्ने ।

(ख) अस्पताल भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनुपर्ने ।

**(ञ) भण्डार (Store) व्यवस्थाः**

(क) आपत्कालीन अवस्थामा प्रयोग हुने सामग्रीहरुको अलग्गै भण्डार कक्ष हुनुपर्ने । यस्तो भण्डारमा कम्तिमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था भएको हुनुपर्ने ।

(ख) अस्पतालको लागि आवश्यक लत्ताकपडा, सरसफाइ सामग्री, औजार, उपकरण तथा औषधिको न्यूनतम मौज्दात रहनु पर्ने र सो सामग्रीहरुको उपयुक्त भण्डारणको लागी आवश्यक उपकरणहरुको व्यवस्था गरेको हुनुपर्ने ।

**(ट) सुरक्षा व्यवस्थाः**

(क) अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्ने ।

(ख) आपत्कालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनुपर्ने ।

(१२) एम्बुलेन्स सञ्चालनः अस्पतालमा मेडिकल एटेण्डेण्ट सहितको एम्बुलेन्स १ वटा अनिवार्य हुनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेण्टलाई बेसिक इमरजेन्सि मेडिसीन ट्रेनिङ्ग (Basic Emergency Medicine Training) दिने व्यवस्था मिलाउनुका साथै राष्ट्रिय एम्बुलेन्स सेवा संचालन निर्देशिका २०७८बमोजिम एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(१३) स्थान तथा जग्गा पूर्वाधारः

(क) अस्पताल रहने स्थानः अस्पताल रहने स्थान छनौट गर्दा पायक पर्ने गरी प्रदूषण मुक्त क्षेत्रको छनौट गर्न पर्नेछ । छनौट गरिएको स्थान त्यस्तै प्रकृतिको अस्पताल रहेको स्थानको कम्तिमा



दुल्लु नगरपालिका
दुल्लु, दैलेख

एक कीलोमीटर टाढा हुनु पर्नेछ । विशिष्ट प्रकृतिको बहुसेवा उपलब्ध गराउने अस्पताल, आयूर्वेद, होमीयोप्याथिक जस्ता फरक प्रकृतिका अस्पतालको हकमा र जनघनत्वको आधारमा अस्पतालको शैया आवश्यक देखिएमा यो बन्देज लागू हुनेछैन ।

(ख) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनुपर्नेछ । आफ्नो जग्गा नभएको हकमा कम्तीमा पन्ध्र बर्षका लागि जग्गा भाडामा लिई सो जग्गामा पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(१४) अस्पतालको भवन:

(क) अस्पताल सेवा सञ्चालन गरिने भवन नक्सा र डिजाइन भवन ऐन, २०५५ को दफा ११ मा भएको व्यवस्था अनुरुप स्वीकृत भएको हुनुपर्नेछ । नेपाल सरकारले अस्पतालका सम्बन्धमा छुट्टै मापदण्ड तोकेको भएमा सोही बमोजिम । भवन संहिता तथा सम्बन्धित दुल्लू नगरपालिका वा नगर विकास समितिले जारी गरेको मापदण्ड बमोजिम सो भवन निर्माण भएको सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालयबाट सिफारिस प्राप्त गरेको हुनु पर्नेछ ।

(ख) भवनमा सर्वसाधारणको जानकारीका लागि विपत व्यवस्थापन योजना तयार गरी सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिएको हुनु पर्नेछ ।

(ग) अस्पतालको कोठाहरुमा उपयुक्त भेन्टीलेसन वा वातानुकुलित यन्त्र राखिएको हुनु पर्नेछ ।

(घ) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पी.डी., प्रयोगशाला, फार्मेसी, वार्ड, क्यान्टिनको व्यवस्था हुनुपर्नेछ ।

(ङ) अस्पतालमा व्हिलचेयर तथा ट्रलिको सहज आवागमनको व्यवस्थाका लगि लिप्ट/र्‍याम्पको व्यवस्था भएको हुनुपर्नेछ ।

(च) प्रतिक्षालयमा आवश्यकता अनुसार बस्ने कुर्सीको व्यवस्था हुनुपर्ने र सूचना पाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(छ) अस्पतालको कुल निर्माण क्षेत्रफल, प्रति शैया ५५ वर्ग मीटरका दरले हुनु पर्नेछ । उक्त क्षेत्र भित्र सोधपुछ, दर्ता कक्ष, प्रतिक्षालय, प्रवेश द्वार सहितको हलको क्षेत्र समावेश भएको हुनुपर्नेछ । सो बाहेक घर, भान्सा लुगाधुने कोठा, जेनरेटर कक्ष, कर्मचारी आवास तथा भण्डार कक्ष, मर्मत सम्भार कक्ष आदिका लागि थप व्यवस्था गरेको हुनुपर्नेछ ।

(ज) आफ्नो जग्गा नभएका पन्ध्र शैयाका अस्पतालले घर जग्गा भाडामा लिई सेवा सञ्चालन गर्दा सो घर भूकम्पीय जोखिम प्रतिरोध क्षमता भएको भनि सहरी विकास तथा भवन विभाग डिभिजन कार्यालयबाट प्रमाणित भएको हुनु पर्नेछ ।

(ञ) बहिरंग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा चौध वर्ग मीटर हुनुपर्नेछ । शौचालय, प्रतिक्षालय, बिशेषज्ञको सहयोगी रहने कक्षका लागि पर्याप्त स्थान हुनु पर्नेछ ।

(ट) बिरामीको चापको अनुपातमा पर्याप्त र सुविधाजनक हुने गरी फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हुनु पर्नेछ ।

(ठ) अस्पताल भित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग–अलग प्रवेश द्वार हुनुपर्नेछ ।

(ड) आपतकालीन सेवाका लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्ष र अन्य अत्यावश्क ठाउँमा सहज रुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनु पर्नेछ ।

(ण) सेवाग्राही र अस्पताल कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधन एम्बुलेन्स र दमकल जस्ता सवारी साधनका लागि पार्किङको व्यवस्था हुनु पर्नेछ । न्यूनतम पार्किङ्ग कुल जग्गाको पच्चीस प्रतिशत



दुल्लू नगरपालिका
दुल्लू, दैलेख

वा प्रति तीन शैयाका लागि एउटा कार पार्किङ्ग गर्न मिल्ने स्थल मध्ये जुन बढी हुन्छ सोही अनुसार हुनु पर्नेछ ।

(त) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपांगमैत्री हुनु पर्नेछ ।

(थ) व्हिलचेयर, ट्रलि, स्टेचरको पर्याप्त व्यवस्था हुनुपर्ने र यस्ता सामग्री राख्ने ठाँउ र चलाउन सकिने पर्याप्त ठाँउ र चलाउने मानिसको समेतको व्यवस्था भएको हुनु पर्नेछ ।

(१५) फोहरमैला व्यवस्थापनः (१) फोहरमैला व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुन पर्नेछः

(क) अस्पतालबाट निष्काशित फोहरमैलाको व्यवस्थापन फोहरमैला व्यवस्थापन ऐन २०६८, फोहरमैला व्यवस्थापन नियमावली २०७०, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्रचिलत स्वास्थ्य जन्य फोहोर मैला व्यवस्थापन निर्देशिका बमोजिम हुनु पर्नेछ ।

(ख) अस्पतालबाट निस्कासन हुने सामान्य तथा चिकित्साजन्य फोहरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुटयाउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने ।

(ग) अस्पतालबाट सृजित संक्रमणजन्य फोहरलाई निःसंक्रमण गरेर अन्तिम व्यवस्थापन गर्नुपर्ने ।

(१६) यस निर्देशिकामा उल्लिखित अन्य मापदण्डका अतिरिक्त अस्पतालले देहाय बमोजिमको मापदण्डहरु तथा पूर्वाधारहरुको व्यवस्था गर्नु पर्नेछः

**१. आकस्मिक सेवा सञ्चालन गर्न देहायको बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्ने छः**

| सि. नं. | विवरण | ५ शैया | १० शैया | १५ शैया |
|---|---|---|---|---|
| १ | कुल शैया क्षमताको कम्तिमा दश प्रतिशत आकस्मिक कक्षमा शैयाहरुको उपलब्धता | १ | २ | ३ |
| २ | आकस्मिक कक्षबाट अल्ट्रासाउण्ड, एक्सरे, इमेजिङ्ग सेवा, प्रयोगशाला, ओ.पि.डी, ओ.टी तथा अन्य सेवाहरुमा सजिलै बिरामी ल्याउन लैजान सकिने व्यवस्था (व्हिलचियर, ट्रली जान सक्ने व्यवस्था) | ✓ | ✓ | ✓ |
| ३ | आपतकालिन सेवाको लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्षमा सहज रुपमा आउन र जान सक्ने व्यवस्था | ✓ | ✓ | ✓ |
| ४ | आवश्यक सेवा दिनका लागि आकस्मिक कक्षको उपलब्धता | ✓ | ✓ | ✓ |
| ५ | दक्ष स्वास्थ्यकर्मीबाट चौबिसै घण्टा सेवा उपलब्ध हुने व्यवस्था | ✓ | ✓ | ✓ |
| ६ | आकिस्मक सेवामा काम गर्ने जनशक्ति तालिम प्राप्त | ✓ | ✓ | ✓ |
| ७ | आकिस्मक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबिसै घण्टा उपलब्ध हुने व्यवस्था | ✓ | ✓ | ✓ |
| ८ | आकिस्मक विभागबाट बिरामी भर्ना गर्न, रिफर हुने भए रिफरल प्रक्रिया र बिरामी सार्ने पद्धती स्पष्ट परिभाषित भएको । | ✓ | ✓ | ✓ |
| ९ | सञ्चार सुविधा (टेलीफोन, ईन्टरनेट) अदि | ✓ | ✓ | ✓ |
| १० | शुद्ध खानेपानीको व्यवस्था | ✓ | ✓ | ✓ |
| ११ | शौचालय र शौचालयमा पर्याप्त पानीको व्यवस्था | ✓ | ✓ | ✓ |
| १२ | सार्वजनिक टेलिफोन सेवाको व्यवस्था | ✓ | ✓ | ✓ |

दुल्लु नगरपालिका
दुल्लु, दैलेख
२०७३

## २. बहिरंग सेवा सञ्चालनको लागि अस्पतालले देहायका पूर्वाधार तथा मापदण्डहरुको पालना गरेको हुनुपर्नेछः

| सि. नं. | विवरण | ५ शैया | १० शैया | १५ शैया |
|---|---|---|---|---|
| १. | बिरामीको नाम दर्ता कक्ष र स्थानको व्यवस्था | ✓ | ✓ | ✓ |
| २ | अस्पतालबाट प्रदान हुने प्रत्यक विशेषज्ञ सेवका लागि अलग अलग ओ.पी.डी कक्षको व्यवस्था मिलाएको | - | - | ✓ |
| ३ | बहिरङ्ग विभागको प्रत्यक कोठाको क्षेत्रफल कम्तिमा १४ वर्ग मिटरको हुनुपर्ने र कन्सल्टेन्ट युनिट वा सेवा अनुसार वा सिप्ट अनुसार ओ.पी.डी. संचालन गर्न सकिने | ✓ | ✓ | ✓ |
| ४ | स्वास्थ्य सस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाँउमा राखेको | ✓ | ✓ | ✓ |
| ५ | व्हिलचियर, ट्रली, स्ट्रेचरको पर्याप्त व्यवस्था भएको | ✓ | ✓ | ✓ |
| ६ | व्हिलचियर, ट्रली, स्ट्रेचर राख्ने ठाउँ प्रयाप्त भएको | ✓ | ✓ | ✓ |
| ७ | व्हिलचियर, ट्रली, स्ट्रेचर चलाउने जनशक्ति प्रयाप्त भएको | ✓ | ✓ | ✓ |
| ८ | बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी (counselling) दिने व्यवस्था भएको | ✓ | ✓ | ✓ |
| ९ | ओ.पि.डी. कक्षमा प्रयाप्त फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको | ✓ | ✓ | ✓ |
| १० | सूचना पाटी, टि.भी.स्क्रिन, पोष्टर आदिबाट स्वास्थ्य सम्बन्धी र अस्पतालबाट प्रदान गरिने सेवा सम्बन्धी जानकारी दिने व्यवस्था भएको | ✓ | ✓ | ✓ |
| ११ | महिला र पुरुष्का लागि अलग अलग र आवश्यकता अनुसार अपाङ्गमैत्री र जेष्ठ नागरिक मैत्री समेत शौचालयको व्यवस्था भएको | ✓ | ✓ | ✓ |

## ३. अन्तरंग सेवाको लागि देहायका पूर्वाधार तथा मापदण्डहरुको पालना गरेको हुनुपर्नेछः

| सि. नं. | विवरण | ५ शैया | १० शैया | १५ शैया |
|---|---|---|---|---|
| १ | डाक्टरको डयूटी रुम, प्यान्ट्री, आईसोलेशन रुम, टिट्रमेन्ट रुम, शौचालय आदिको व्यवस्था | ✓ | ✓ | ✓ |
| २ | शैया बीच कम्तिमा ५ फिट तथा भित्ताबाट कम्तिमा २ फिटको दूरी | - | - | ✓ |
| ३ | अस्पतालमा बच्चा, सुत्केरी, अब्जरभेसन तथा सरुवा रोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था | ✓ | ✓ | ✓ |
| ४ | जनरल शैयाको हकमा ४ देखि ६ शैयाको अनुपातमा १ स्टाफ नर्सको व्यवस्था भएको | ✓ | ✓ | ✓ |
| ५ | लेबर रुमको छुट्टै व्यवस्था भएको | ✓ | ✓ | ✓ |
| ६ | लेबर रुम र एक्टिभ लेबर वार्डको लागि छुट्टै शौचालयको व्यवस्था भएको | ✓ | ✓ | ✓ |
| ७ | प्रसुति हुनु अगावै बिरामी भर्ना गर्नका लागि प्रि लेबर वार्डको व्यवस्था भएको | - | - | ✓ |
| ८ | लेबर रुम र टेबलको हकमा बिरामीको चाप अनुसार तय गर्नुपर्ने | - | - | ✓ |
| ९ | प्रति लेबर टेबल २ जना मिडवाइफ वा एस.बि.ए. तालिम नर्सको व्यवस्था हुनु पर्ने र एक्टिभ लेबर वार्डको हकमा २ शैया १ जना मिडवाइफ वा एस.बि.ए. तालिम प्राप्त नर्सको व्यवस्था हुनु पर्ने । | - | - | ✓ |
| १० | एक्टिभ लेबर वार्ड र लेबर रुम जोडिएको हुनु पर्नेछ । | - | - | ✓ |

दुल्लू नगरपालिका
दुल्लू, दैलेख
२०७३

<u>परिच्छेद– ५</u>

## मानव संशाधन व्यवस्थापन

**१७. जनशक्ति विकास योजना** : अस्पतालको शैया क्षमताका आधारमा देहाय बमोजिमका न्यूनतम जनशक्तिको व्यवस्था भएका हुनु पर्नेछः

(क) प्रति पन्ध्र शैयाका लागि एक जना एम.डी.जी.पी. चिकित्सक, प्रसुती तथा स्त्री रोग विशेषज्ञ र बालरोग विशेषज्ञ हुनुपर्नेछ ।

(ख) जनरल कक्षमा प्रति चार देखि छ शैयामा एक जना स्टाफ नर्सको व्यवस्था भएको हुनुपर्नेछ ।

(ग) ईमर्जेन्सी तथा पोष्ट अप्रेटिभ कक्षमा प्रति दुई शैयामा एक जना नर्स भएको हुनुपर्नेछ ।

(घ) प्रसुती कक्षको लेवर वेडमा प्रति वेड दुई एस.वी.ए. तालिम प्राप्त नर्सको व्यवस्था भएको हुनुपर्नेछ।

(ङ) प्रति पन्ध्र शैयाका लागि अस्पतालमा कम्तीमा एक जना मेडिकल रेर्कडर भएको हुनुपर्नेछ । पन्ध्र शैया भन्दा कम क्षमताका अस्पतालमा मेडिकल रेकर्डर नभएको अवस्थामा स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदनका लागि एक जना कर्मचारी तोक्नु पर्नेछ ।

(ज) अस्पतालमा चौबीसै घण्टा सेवा उपलब्ध गराउने गरी फर्मासिष्ट लगायत आवश्यक संख्यामा जनशक्तिको व्यवस्था हुनुपर्नेछ ।

(झ) अस्पतालमा कम्तीमा दुई तिहाइ पूर्ण कालीन स्वास्थ्यकर्मी हुनुपर्नेछ ।

(ञ) सरकारी स्वास्थ्य कर्मीहरुबाट सेवा लिनु पर्ने अवस्थामा सम्वन्धित निकायको स्वीकृति पत्र लिएको हुनुपर्नेछ ।

(ट) हरेक स्वास्थ्य कर्मीले सम्वन्धित काउन्सिलबाट दर्ता नम्बर लिएको हुनुपर्नेछ ।

(ठ) विदेशी स्वास्थ्यकर्मी वा स्वयम् सेवकले सम्बन्धित मन्त्रालयको सिफारिसमा सम्वन्धित काउन्सिलवाट स्वीकृति लिएको हुनुपर्नेछ ।

**जनशक्ति सम्बन्धी विस्तृत विवरणः**

**जनशक्ति सम्बन्धी विस्तृत विवरणः**

| क्र.स | पद | ५ शैया | १० शैया | १५ शैया |
|---|---|---|---|---|
| **शुशासन तथा व्यवस्थापनका लागि जनशक्ति** | | | | |
| १ | मेडिकल डाइरेक्टर/मेडिकल सुपेरीटेन्डेन्ट | १ (मे.अ) | १ (मे.अ) | १ (मे.ज, मे.सु) |
| **क्लिनिकल सेवाका लागि जनशक्ति** | | | | |
| २ | एम.डी.जी.पी. चिकित्सक | — | — | १ |
| ३ | स्त्री तथा प्रसुती रोग विशेषज्ञ | — | — | १ |
| ४ | बाल रोग विशेषज्ञ | — | — | १ |
| ५ | मेडिकल अधिकृत | १ | १ | २ |
| ६ | नर्सिङ्ग अधिकृत | — | १ | १ |
| ७ | नसिङ्ग स्टाफ | ४ | ४ | ७ |
| ८ | प्यारामेडिकल स्टाफ | २ | ४ | ५ |
| ९ | एनेस्थेटिक सहायक | | | १ |
| १० | डेन्टल हाइजिनिस्ट | — | — | १ |
| ११ | फार्मेसी अधिकृत | ० | १ | १ |



दैलेख नगरपालिका दैलेख

| | | | | |
|---|---|---|---|---|
| १३ | फार्मेसी सहायक | १ | १ | १ |
| १४ | मेडिकल रेर्कडर (मेडिकल रेर्कडर अधिकृत/ सहायक) | — | — | १ |
| **अस्पताल सहयोगका लागि जनशक्ति** | | | | |
| १५ | प्लम्बर | — | — | १ |
| १६ | इलेक्ट्रिसियन | — | — | १ |
| १७ | बँगैचे | आवश्यकता अनुसार | | |
| १८ | कार्यालय सहयोगी | आवश्यकता अनुसार | | |
| १९ | सुरक्षा गार्ड | आवश्यकता अनुसार | | |
| २० | सवारी चालक | आवश्यकता अनुसार | | |

*स्वैच्छिक

नोट : धारा, बिजुली र बगैंचाको व्यवस्थापन, सुरक्षाको प्रबन्ध, सवारी चालक, कार्यालय सहयोगी लगायतका सहायक कार्यका लागि सेवा करार, दरबन्दी वा आउट सोर्सिङ गरी आवश्यकता अनुसार सेवाको सुनिस्चितता गरेको हुनु पर्नेछ ।

**१८. अन्य जनशक्ति सम्बन्धी व्यवस्था** : अन्य जनशक्ति सम्बन्धी व्यवस्था स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नती सम्बन्धी मापदण्ड २०७० (संसोधन २०७३) र स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ (संशोधन २०७८) बमोजिम हुनेछ ।

## परिच्छेद– ६

## औजार तथा उपकरणहरु

**१९. अक्सिजन सम्बन्धी व्यवस्था:**(१)अस्पतालमा अक्सिजन ग्यास निरन्तर रुपमा आपूर्तिको व्यवस्था हुनु पर्नेछ ।

**२०. कार्डियाक उपकरण देहाय बमोजिम हुनु पर्नेछ** :

| सि. नं. | उपकरणहरुको नाम | आधारभुत स्वास्थ्य सेवा | ५–१५ शैयाका स्वास्थ्य संस्था |
|---|---|---|---|
| १ | अर्डिनरी इ.सी.जी.मेसिन (Ordinary ECG machine) | ० | १ |
| २ | पल्स अक्सिमिटर(Pulse Oximeter) | १ | २ |
| ३ | बि.पी. एपाराट्स टेवल मोडेल(BP apparatus table model) | २ | ४ |
| ४ | स्टेथेस्कोप (Stethescope) | २ | ४ |

**२१. अपरेशन थियटर सम्बन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ** :

| सि.नं. | उपकरणहरुको नाम | आधारभुत स्वास्थ्य सेवा | ५-१५ शैयाका स्वास्थ्य संस्था |
|---|---|---|---|
| १ | अटोक्लेभ एचपी होरिजेन्टल (Auto calve HP Horizontal) | ० | ऐच्छिक (अप्सनल) |
| २ | अपरेसन टेबल हाइड्रोलिक मेजर (Operation Table Hydraulic Major) | ० | १ |
| ३ | अपरेसन टेबल हाइड्रोलिक माइनर (Operation Table Hydraulic Minor) | ० | १ |
| ४ | अटोक्लेभ भर्टिकल सिंगल बिन (Autoclave vertical single Bin) | १ | २ |



दुल्लु नगरपालिका दुल्लु, दैलेख २०७३

| | | | |
|---|---|---|---|
| ५ | फोकस ल्याम्प अड्रिनरी (Focus lamp ordinary) | १ | २ |
| ६ | इस्टरीलाइजेसन मिडीयम— इन्स्ट्रुमेन्ट (Sterilizer medium - Instrument) | ० | १ |
| ७ | स्टेरीलाइजेसन स्माल—इन्स्ट्रुमेन्ट (Sterilizer small-Instrument) | १ | १ |
| ८ | बावल स्टेरीलाइजेसन मिडीयम (Bowl sterilizer medium) | ० | १ |
| ९ | डायथर्मी मेसिन—इलेक्ट्रिकल कट्री (Daithermy machine -Electric Cautery) | ० | १ |
| १० | सक्सन एपाराट्स — इलेक्ट्रिकल (Suction Apparatus-Electrical) | ० | २ |
| ११ | सक्सन एपाराट्स — फुट अपरेटेड (Suction Appratus - foot operated) | १ | २ |
| १२ | डिह्युमिडिफायर (Dehumidifier) | ० | १ |
| १३ | अल्ट्राभ्वाइलेट ल्याम्प (Ultraviolet lamp) | ० | १ |
| १४ | इथाइलीन अक्साइड स्टेरीलाईजर (Ethyline Oxide Sterilizer) | ० | १ |
| १५ | माइक्रोओएभ स्टेरीलाईजर (Microwave sterilizer) | ० | १ |

**२२. अस्पतालमा प्याथोलोजी सम्बन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ :**

(क) माइक्रोबाएलोजी / ब्याक्टेरीयोलोजी **(Microbiology/ Bacteriology)**

| सि.नं. | उपकरणहरुको नाम | आधारभुत स्वास्थ्य सेवा | ५—१५ शैयाका स्वास्थ्य संस्था |
|---|---|---|---|
| १ | इन्क्यूबेटर (Incubator) | ० | १ |
| २ | हट एयर ओभन (Hot Air Oven) | ० | ऐच्छिक (अप्सनल) |
| ३ | माइक्रोस्कोप (Microscope) | ० | १ |
| ४ | सेन्ट्रीफ्यूज/रोटेटर (Centrifuge/Rotator) | ० | १ |
| ५ | रेफ्रीजेरेटर (Refrigerator) | ० | १ |
| ६ | अटो पिपेट (Auto pipette) | ० | ३ |

**(ख) बायोकैमिस्ट्री (Biochemistry) :**

| सि.नं. | उपकरणहरुको नाम | आधारभुत स्वास्थ्य सेवा | ५—१५ शैयाका स्वास्थ्य संस्था |
|---|---|---|---|
| १ | सेमी अटो एनालाइजर (Semi Auto Analyzer) | ० | ऐच्छिक (अप्सनल) |
| २ | सेन्ट्रीफ्यूज/रोटेटर (Centrifuge/Rotator) | ० | १ |
| ३ | हट एयर ओभन (Hot Air Oven) | ० | ऐच्छिक (अप्सनल) |
| ४ | रेफ्रीजेरेटर (Refrigerator) | ० | १ |
| ५ | माइक्रो पिपेट (Micro pippetes) | ० | १ |

**(ग) हेमाटोलोजी (Hematology) :**

| सि.नं. | उपकरणहरुको नाम | आधारभुत स्वास्थ्य सेवा | ५—१५ शैयाका स्वास्थ्य संस्था |
|---|---|---|---|
| १ | बाइनाकुलर माइक्रोस्कोप (Microscope -Binocular) | ० | १ |
| २ | ब्लड सेल काउन्टर — १८ पारामीटर वा माथि (Blood Cell Counter -18 parameters or above) | ० | १ |



दुल्लु नगरपालिका दुल्लु, दैलेख

| | | | |
|---|---|---|---|
| ३ | सेन्ट्रीफ्यूज/रोटेटर (Centrifuge/Rotator) | ० | ऐच्छिक (अप्सनल) |
| ४ | क्लोरीमीटर (Colorimeter) | ० | ऐच्छिक (अप्सनल) |
| ५ | हट एयर ओभन (Hot Air Oven) | ० | ऐच्छिक (अप्सनल) |
| ६ | रेफ्रीजेरेटर (Refrigerator) | ० | ऐच्छिक (अप्सनल) |
| ७ | काउन्टिङ्ग च्याम्बर (Counting Chamber) | ० | १ |
| ८ | कम्प्यूटर र प्रिन्टर (Computer with Printer) | ० | ऐच्छिक (अप्सनल) |

**(घ) हिस्टोप्याथोलोजी (Histopathlogy) :**

| सि.नं. | उपकरणहरुको नाम | आधारभुत स्वास्थ्य सेवा | ५—१५ शैयाका स्वास्थ्य संस्था |
|---|---|---|---|
| १ | इन्क्यूबेटर (Incubator) | ० | ऐच्छिक (अप्सनल) |

**(ङ) माइक्रोबायोलोजी, भाइरोलोजी, सेरोलोजी (Microbiology, Viorology, Serology):**

| सि.नं. | उपकरणहरुको नाम | आधारभुत स्वास्थ्य सेवा | ५—१५ शैयाका स्वास्थ्य संस्था |
|---|---|---|---|
| १ | वाटर बाथ (Water bath) | ० | १ |
| २ | हट एयर ओभन (Hot Air Oven) | ० | १ |
| ३ | मल्टि च्यानल माइक्रो पिपेट (Muti-channel micro pipette) | ० | १ |
| ४ | भेराएबल माक्रोपिपेट (Variable Micropippete) | आवश्यक्ता अनुसार | आवश्यक्ता अनुसार |
| ५ | इन्क्यूबेटर (Incubator) | ० | १ |
| ६ | सेन्ट्रीफ्यूज (Centrifuge) | ० | १ |
| ७ | वैटिङ्ग ब्यालेन्स (Weighting balance) | ० | १ |
| ८ | अटोक्लेभ भट्रिकल (Autoclave Vertical) | ० | ऐच्छिक (अप्सनल) |
| ९ | स्टपवाच (Stopwatch) | ० | १ |

**२३. अस्पतालमा एनेस्थेसिया सम्बन्धी उपकरण देहाय हुनुपर्ने छ :**

| सि.नं. | उपकरणहरुको नाम | आधारभुत स्वास्थ्य सेवा | ५—१५ शैयाका स्वास्थ्य संस्था |
|---|---|---|---|
| १ | इन्डो ट्र्याकियल ट्यूब सेट (Endo tracheal tube sets) | ० | १ |
| २ | एयरवे (महिला) Airway (Female) | ० | १ |
| ३ | एयरवे (पुरुष) Airway (Male) | ० | १ |
| ४ | माउथ प्रोप (Mouth Prop) | ० | १ |
| ५ | टंङ्ग डिप्रेसर (Tongue Depressors) | ० | २ |
| ६ | अक्सिजन सिलीन्डर—व्याएस (O2 Cylinder for Boyles) | ० | १ |
| ७ | व्याएलेस एपाराट्स, फ्लूटेक र सर्कल एब्जरबर (Boyles Apparatus with Fluotec and Circle absorber) | ० | ऐच्छिक (अप्सनल) |
| ८ | अक्सिजन कन्सन्ट्रेटरर सिलीन्डर (Oxygen Concentrator/Cylinder) | १ | १ |

दुल्लु नगरपालिका
दुल्लु, दैलेख
२०७३

| | | | |
|---|---|---|---|
| ९ | मोनिटर, ईसीजी, एनआईबीपी, एनआइबिपी, आइबिपी सहितको एसपीओ २ (Monitors ECG, NIBP, SPO2 with IBP) | ० | १ |
| १० | ट्रान्सपोर्ट मोनिटर, ईसीजी, एसपीओ २ एनआइबिपी (Transport Monitor ECG, SPO2, NIBP) | ० | १ |
| ११ | म्याक कोय ल्यारेङ्गोस्कप (Mac Coy Laryngoscope) | ० | २ |
| १२ | इन्टुवेटिङ्ग एलएमए ३,४ (Intubating LMA 3,4) | ० | ४ |
| १३ | डब्वल ल्यूमेन ट्यूब (Double Lumen Tube) | ० | १ |
| १४ | एम्बु ब्याग र मास्क (Ambu bag/Mask) | १ | ४ |
| १५ | डिफ्रिलेटर (Defbrilator) | ० | ऐच्छिक (अप्सनल) |

**२४. लेबर वार्ड, नियानेटल र स्पेशल न्यूबर्न केयर यूनिट (Labour, Neonatal and Special Newborn Care Unit) मा देहाय अनुसारका उपकरणहरु हुनु पर्नेछ :**

| सि.नं. | उपकरणहरुको नाम | आधारभुत स्वास्थ्य सेवा | ५—१५ शैयाका स्वास्थ्य संस्था |
|---|---|---|---|
| १ | इमेरजेन्सि रिससीटेसन किट —ब्यबी(Emergency Resucitation Kit- Baby) | १ | १ |
| २ | स्टयान्डर्ड वैईङ्ग स्केल (Standard weighning scale) | १ | १ |
| ३ | डब्वल आउटलेट अक्सिजन कन्सेन्ट्रेटर(Double Outlet Oxygen Concentrator) | ऐच्छिक (अप्सनल) | ऐच्छिक (अप्सनल) |
| ४ | रेडियन्ट वार्मर (Radiant Warmer) | ऐच्छिक (अप्सनल) | १ |
| ५ | फिटल डोप्लर (Foetal Doppler) | १ | २ |
| ६ | डेलिभरी किट (Delivery Kit) | १ | २ |
| ७ | इपिजियोटोमी किट (Episiotomy Kit) | १ | २ |
| ८ | फोर्सेप डेलीभरी किट (Forcep Delivery Kit) | ऐच्छिक (अप्सनल) | १ |
| ९ | इलास्टिक भ्याकुम एक्टयाक्टर (Silastic vacum extractor) | ऐच्छिक (अप्सनल) | १ |
| १० | पल्स अक्सिमिटर ब्यबी एण्ड एडल्ट(Pulse Oxymeter baby and adult) | १ | २ |
| ११ | नेबुलाइजर —ब्यवी (Nebulizer-Baby) | १ | २ |
| १२ | वैईङ्ग मेसिन एडल्ट (Weighing machine adult) | १ | २ |
| १३ | वैईङ्ग मेसिन इन्फ्यान्ट (Weighing machine infant) | १ | २ |

**२५. आपतकालिन र अत्यावशकिय औषधी तथा सामाग्रीहरुको विवरण (List of emergency and essential Drugs/Instruments)**

**(१)आपतकालिन र अत्यावशकिय औषधीहरुको विवरण (List of emergency and essential drugs) :**

| सि.नं. | औषधीहरुको नाम |
|---|---|
| १ | र्यानिटिडिन, ओमेप्राजोल, पेन्टोप्राजोल इन्जेक्सन (Ranitidine, Omeprazole, Pantoprazole Inj) |
| २ | एड्रेनालाईन इन्जेक्सेन (Adrenaline Inj) |



दैलेख नगरपालिका दुल्लू, दैलेख २०७३

| | |
|---|---|
| ३ | क्लोरफेनिरमिन इन्जेक्सन (Chlorpheniramine Inj) |
| ४ | एमिनोफाइलिइन इन्जेक्सन (Aminophylline Inj) |
| ५ | एट्रोपिन इन्जेक्सन (Atropine Inj) |
| ६ | ह्योसिन ब्रोमाइड इन्जेक्सन (Hyoscine Bromide Inj) |
| ७ | क्याल्सियम ग्लुकोनेट इन्जेक्सन (Calcium Gluconate Inj) |
| ८ | सिप्रोफ्लोक्सासिन, एम्पिसिलिन, एम्पिक्लोक्स, सेफ्ट्रिजोन इत्यादि इन्जेक्सेन (Ciprofloxacin, Ampicillin, Ampiclox, Ceftrizone, etc. Inj) |
| ९ | डेरिफाइलिइन इन्जेक्सन (Deriphylline Inj) |
| १० | डेक्सामेथासोन इन्जेक्सन (Dexamethasone Inj) |
| ११ | डेक्स्ट्रोज ५% सलाइन इन्जेक्सन (Dextrose 5% Saline Inj) |
| १२ | डेक्स्ट्रोज १०% सलाइन इन्जेक्सन (Dextrose 10% Saline Inj) |
| १३ | डेक्स्ट्रोज २५% इन्जेक्सन (Dextrose 25% Inj) |
| १४ | डेक्स्ट्रोज ५०% इन्जेक्सन (Dextrose 50% Inj) |
| १५ | डायजेपाम, लोराजेपाम, अम्डाजोलाम इन्जेक्सेन (Diazepam, Lorazepam, Amdazolam Inj) |
| १६ | ५% डेक्स्ट्रोज सलाइन इन्जेक्सन (5% Dextrose Saline Inj) |
| १७ | डोपामिन इन्जेक्सन (Dopamine Inj) |
| १८ | पेन्टाजोसिन इन्जेक्सन (Pentazocine Inj) |
| १९ | हाइड्रोकोर्टिसोन इन्जेक्सन (Hydrocortisone Inj) |
| २० | फ्रुसेमिड इन्जेक्सन (Frusemide Inj) |
| २१ | म्यान्निटोल इन्जेक्सन (Mannitol Inj) |
| २२ | मेट्रोनिडाजोल इन्जेक्सन (Metronidazole Inj) |
| २३ | मोर्फिन इन्जेक्सन (Morphine Inj) |
| २४ | नाइट्रोग्लिसरीन, लेबेटोलोल इन्जेक्सन (Nitroglycerine, Labetolol Inj) |
| २५ | सामान्य सलाइन इन्जेक्सन (Normal Saline Inj) |
| २६ | पारासिटामोल इन्जेक्सन (Paracetamol Inj) |
| २७ | मेटाक्लोप्रामाइड इन्जेक्सन (Metochlopramide Inj) |
| २८ | प्याथिडिन इन्जेक्सन (Pethidine Inj) |
| २९ | फेनार्गान इन्जेक्सन (Phenergan Inj) |
| ३० | पोटासियम क्लोराइड इन्जेक्सन (Potassium Chloride Inj) |
| ३१ | फेनोबार्बिटोने इन्जेक्सन (Phenobarbitone Inj) |
| ३२ | फेनिटोइन इन्जेक्सन (Phenytoin Inj) |
| ३३ | नालोक्सन इन्जेक्सन (Naloxone Inj) |
| ३४ | भिटामिन-के इन्जेक्सन (Vitamin 'K' Inj) |
| ३५ | रिङर ल्याक्टेट इन्जेक्सन (Ringer's Lactate Inj) |
| ३६ | सोडियम बाइकार्बोनेट इन्जेक्सन (Sodium Bicarbonate Inj) |
| ३७ | डाइक्लोफेनीक इन्जेक्सन (Diclofenac Inj) |
| ३८ | डोबुटामिन इन्जेक्सन (Dobutamine Inj) |
| ३९ | नरएड्रनालीन इन्जेक्सन (Noradrenaline Inj) |
| ४० | इसोप्रेनालिन इन्जेक्सन (Isoprenaline Inj) |



दुल्लु नगरपालिका
दुल्लु, दैलेख
२०७३

| | |
|---|---|
| ४१ | अमिनोडारून इन्जेक्सन (Aminodarone Inj) |
| ४२ | म्याग्नेसियम सल्फेट इन्जेक्सन (Magnesium Sulphet Inj) |
| ४३ | डिगोक्सिन् इन्जेक्सन (Digoxin Inj) |
| ४४ | एडेनोसिन, भेरापामिल इन्जेक्सन (Adenosine, Verapamil Inj) |
| ४५ | ट्रानोस्टाट इन्जेक्सन (Tranostat Inj) |
| ४६ | एन्टासिड्स ट्याब्लेट (Antacids Tab) |
| ४७ | एस्प्रिन ट्याब्लेट (Aspirin Tab) |
| ४८ | डीक्लोफेनेक ट्याब्लेट (Diclofenac Tab) |
| ४९ | पारासीटामोल ट्याब्लेट, जेल (Paracetamol Tablet, gel) |
| ५० | आइबुप्रोफन ट्याब्लेट (Ibuprofun Tab)) |
| ५१ | कोडीन फोस्फेट ट्याब्लेट (Codeine Phosphate Tab) |
| ५२ | प्रेड्निसोलोन ट्याब्लेट (Prednisolone Tab) |
| ५३ | एन्टिबायोटिक्स ओरल ट्याब्लेट/ क्याप (Antibiotics Oral Tab/Cap) |
| ५४ | पोभिडिन आयोडिन सोल (Povidine Iodine Sol) |
| ५५ | एन्टिबायोटिक्स मलम (Antibiotics Ointments) |
| ५६ | आवश्यक अनुसार अन्य (Others as per necessary) |

(२) इमेरजेन्सि सेवाका लागी अत्यावशकिय उपकरणहरु (List of essential instruments for Emergency):

| सि.नं. | उपकरणहरु |
|---|---|
| १ | मास्क सहितको एम्बु ब्याग (Ambu bag with mask) |
| २ | आर्ट्री फोरसेप (Artery Forceps) |
| ३ | साल्बुटामोल इन्ह्यालर (Salbutamol Inhaler) |
| ४ | पोभीडिन आयोडिन (Povidone Iodine) |
| ५ | ब्लड ट्रान्सफ्यूजन सेट (Blood Transfusion Set) |
| ६ | बिपी इन्स्ट्रुमेन्ट (BP Instrument) |
| ७ | क्लिनवाक्स इयर ड्रप (Clinwax ear drop) |
| ८ | क्रेप ब्यान्डेज ४" (Crepe Bandage 4") |
| ९ | क्रेप ब्यान्डेज ६" (Crepe Bandage 6") |
| १० | डिस्सेक्सन फोरसेप नन् टुथ (Dissection Forceps non tooth) |
| ११ | डिस्सेक्सन फोरसेप टुथ (Dissection forceps tooth) |
| १२ | डिस्पोजेवल सिरिन्ज ३ सिसी, ५ सिसी, १० सिसी, २० सिसी (Disposable Syringe 3cc, 5cc, 10cc, 20cc) |
| १३ | इन्डो टेरकियल ट्यूब (Endo tracheal tube Pediatric and Adult) 3.0-8.5 |
| १४ | ल्यारेन्जिएल मास्क एयरवय ३.०–८.५ (Laryngeal Mask airway 3.0-8.5) |
| १५ | फोलिज क्याथेटर (Foley's catheter 6f-20f, 3way) |
| १६ | पंजा (Gloves No.6, 6.5, 7, 7.5) |
| १७ | आई.भि. क्यानुला (I.V. Cannula 14G-24G) |
| १८ | आई.भि. सेट पिड्यार्ट्रिक ब्युरेट (I.V. Set + Pediatric Burret) |
| १९ | आई.भि. इन्फ्यूजन सेट (I.V. Infusion Set) |



दुल्लु नगरपालिका
दुल्लु, दैलेख

| | |
|---|---|
| २० | सि.भि.पि. लाइन सेट (C.V.P. line Set) |
| २१ | चेष्ट ट्यूब (Chest Tube Different Sizes) |
| २२ | इप्राट्रोपिएम ब्रोमाइड इन्ह्यालर +सोलुसन (Ipratropium bromide inhaler + Solution) |
| २३ | नि ह्यामर (Knee hammer) |
| २४ | बेलेड सहितको ल्यारेङ्गोस्कोप (Laryngoscope with blade Adult, Pediatric sizes) |
| २५ | ल्यूकोप्लाष्ट (Leucoplast) |
| २६ | अक्सिमेटाजोलिन न्याजल ड्रोप (Oxymetazoline Nasal drop) |
| २७ | निडील होल्डर (Needle holder) |
| २८ | रायल्स ट्यूब एन/जि ट्यूब) (Ryle's tube N/G Tubes) |
| २९ | कैची (Scissors different types) |
| ३० | सिल्भर सल्फाडाइजिन क्रिम (Silver sulphadiazine cream) |
| ३१ | स्टेथेस्कोप (Stethoscope) |
| ३२ | ट्यूब सहितको सक्सन मेसिन (Suction Machine with tubes) |
| ३३ | थर्मोमिटर (Thermometer) |
| ३४ | स्फाइग्मोम्यानोमिटर (Sphygmomanometer) |
| ३५ | टंङ्ग डिप्रेसर (Tongue depressor) |
| ३६ | टर्च लाइट (Torch Light) |
| ३७ | यूरो ब्याग (Uro bag) |
| ३८ | उडन स्पिलिन्ट (Wooden Splint Different sizes) |
| ३९ | स्पाइनल वोर्ड (Spinal Board-1) |
| ४० | सरभाइकल कलर (Cervical Collor 1-5) |
| ४१ | एन्टीबायोटिक इन्जेक्सन (Antibiotic Injection Different) |
| ४२ | पल्स अक्सिमिटर (Pulse Oxymeter -1) |
| ४३ | ओटोस्कोप (Otoscope-1) |
| ४४ | अपथाल्मोस्कोप (Ophthalmoscope-1) |
| ४५ | गुल्कोमिटर (Glucometer -1) |
| ४६ | डिजीटल क्लक (Digital clock) |

दुल्लु नगरपालिका
दुल्लु, दैलेख
२०७३

**२६. प्रयोगशालाका औजार तथा उपकरणहरु (Laboratory Instruments):**

| प्रयोगशालाको वर्गीकरण | आवश्यक उपकरण तथा सामाग्रीहरु |
|---|---|
| E (ई) वर्ग | निम्न सहित "ई" वर्गको प्रयोगशालाका लागी तोकिएका सबै उपकरणहरु, प्रयोग हुने रिएजेन्टहरु :<br>बाईनाकलर माइक्रोस्कोप (Binocular Microscope), सेन्ट्रीफ्यूज (Centrifuge), क्लोरीमीटर (Colorimeter), वाटर बाथ (Water bath), भिडिआरएल सेकर(VDRL Shaker), हट एयर ओभन (Hot air oven), माइक्रोपिपेट (Micropipettes), डिसी काउन्टर (DC Counter), पावर ब्याकअप (Power back up), अटोक्लेभ (Autoclave) |
| "D" (डी) वर्ग | निम्न सहित "(डी)" वर्गको प्रयोगशालाका लागी तोकिएका सबै उपकरणहरु, प्रयोग हुने रिएजेन्टहरु :<br>इन्क्यूवेटर (Incubator), सेमी अटोमेटेड बायाकेमेस्ट्रि एनालाइजर (Semi-automated biochemistry analyzer) |

नोट: *१५ शैया सम्मको आधारभूत अस्पतालमा आधारित प्रयोगशाला "डी वर्गको प्रयोगशाला"

आधारभुत स्वास्थ्य केन्द्रमा आधारित प्रयोगशाला " ई समुहका प्रयोगशाला"

*उपकरणहरु सम्भार तालिका बनाई नियमित रुपमा सम्भारका कार्यहरु गर्नु पर्नेछ ।

अत्यावश्यक परीक्षणका लागि सोही क्षमताको ब्याकअप उपकरणको व्यवस्था हुनु पर्नेछ ।

## परिच्छेद– ७

## सेवा सम्बन्धी व्यवस्था

**२७. स्वास्थ्य क्लिनीक सम्बन्धि मापदण्ड तथा पूर्वाधारहरु :**

(१) **"स्वास्थ्य क्लिनिक"** ले आधारभुत स्वास्थ्य सेवा अन्तगतका निम्नानुसारका स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने छ:

(क) खोप सेवा सम्वन्धी परामर्श तथा सम्बन्धित निकायवाट स्विकृती लिई मापदण्ड वमोजिम खोप सेवा संचालन गर्न सकिने

(ख) मातृ नवजात शिशु तथा वाल स्वास्थ्य सेवा

(ग) सरुवा रोग सम्बन्धी सेवा

(घ) नसर्ने रोग तथा शारीरिक बिकलंगत्ता सम्वन्धि सेवा

(ङ) मानसिक रोग सम्बन्धी सेवा

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धि सेवा

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा

(ज) स्वास्थ्य प्रवर्धन सेवा

(झ) आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवा ।

(२). स्वास्थ्य क्लिनिकमा स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमको आवश्यक न्यूनत्तम भौतिक सुविधाहरु हुनुपर्नेछ:

(क) बिरामीको जाँच गर्ने भेन्टिलेटेड वा ए.सी. कोठाहरु सेवा अनुसारको छुट्टा छुट्टै हुनुपर्ने (कम्तिमा १४ वर्ग मिटरको)

(ख) बिरामी वस्ने ठाउँ (कुर्ने ठाउँ)

(ग) बिरामी जाँच्ने टेवुल

(घ) चिकित्सकको लागि टेबुल

दुल्लू नगरपालिका दुल्लू, दैलेख २०७३

(ङ) चिकित्सकको लागि कुर्सी

(च) विरामी बस्ने टुल

(छ) शौचालयको व्यवस्था (महिला, पुरुष, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग मैत्री)

(ज) टेलिफोन (अनिवार्य)

(झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामाग्री

(ञ) पानीको आपूर्ति भएको हुनुपर्ने ।

(ट)स्वच्छ पिउने पानिको व्यवस्था

(ठ) विधुत व्याकअपको व्यवस्था भएको

(ड) कोठामा हात धुने ठाउँ

अन्य व्यवस्था (थप मापदण्ड):

(क) विशेषज्ञ सेवाको लागि आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ ।

(ख) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि एउटा रजिष्टर हुनुपर्नेछ ।

(ग) स्वास्थ्य क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलकृत गरिएको हुनुपर्नेछ ।

(घ) स्वास्थ्य क्लिनिकमा काम गर्ने व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्र तथा सम्बन्धित चिकित्सा परिषद् दर्ता नं., सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(ङ) मासिक प्रतिवेदन नियम अनुसार सम्बन्धित निकायमा पठाउने व्यवस्था हुनुपर्नेछ ।

**(३) आवश्यक जनशक्ति**

(क) स्वास्थ्य क्लिनिकमा स्वास्थ्य जाँच गर्ने चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा पनि एम.बि.बि.एस. (MBBS) वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बधित काउन्सीलमा दर्ता भएको हुनुपर्नेछ ।

(ख) विशेषज्ञ सेवाको लागि सो अनुसारको योग्यता हासिल गरि मान्यता प्राप्त काउन्सीलमा दर्ता भएको हुनुपर्नेछ।

(ग) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्रतह उत्तिर्ण गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्नेछ ।

(घ) कार्यालय सहयोगी तथा सरसफाई कर्मचारी ।

*नोट: उपलब्ध जनशक्ति मध्य एकजनालाई रेकर्डीङ तथा रिर्पोटिङको लागि फोकल पर्सन तोक्नु पर्नेछ ।

**(४) आवश्यक औजार उपकरणहरु:**

(क) थर्मोमिटर (डिजिटल) —१

(ख) तौल लिने मेशिन —१

(ग) उचाई नाप्ने मेशिन —१

(घ) टंग डिप्रेशर — १

(ङ) ब्लड प्रेशर जाँच्ने मेशिन —१

(च) स्टेथोस्कोप —१

(छ) आँखा, नाक, कान जाँच्ने सेट —१

(ज) प्रोक्टोस्कोप —१

दुल्लु नगरपालिका
दुल्लु, दैलेख
२०७३

(झ) अटोक्लेभर निर्मलीकरण गर्न प्रयोग हुने साधन

(ञ) सिरिन्ज

(ट) टर्च लाइट

(ठ) पञ्जा

(ड) मास्क, एप्रोन

(ढ) किड्नी ट्रे

(ण) कम्पुटर र ल्याप्टप — (अभिलेख तथा प्रतिवेदनका लागी) — १

फिजियोथेरापी केन्द्र, पुर्नस्थापना केन्द्र (मनोसामाजिक), जेरियाट्रिक परामर्श केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरिक व्ययाम केन्द्र, परम्परागत सेवा क्लिनिक तथा यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरुका लागि मापदण्ड प्रचलित कानुन वा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**२८. रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरुः**

(१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियोलोजी वा डाईग्नोष्टिक सेवा अन्तरगत देहायका प्रविधिहरु समावेश गरिएको छः

- एक्स रे (300 mA सम्म)
- भिडीयो एक्स रे (Ultrasound-USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेका थप प्रविधिको लागि माग भएमा पालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृती दिनेछ ।

(३) रेडियोलोजी, डायग्नोष्टिक तथा ईमेजिङ्ग सेवाबाट पर्ने विकिरणका दूष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछः

**(क) साधारण एक्सरे सेवा सम्बन्धी व्यवस्था**

(१) एउटा एक्सरे मेसिन जडान गर्नका लागि कम्तिमा ४५० से.मि. लम्बाई ४०० से.मि चौडाई र उचाई कम्तिमा २५० से.मि भएको कोठा उपलब्ध हुनु पर्नेछ ।

(२) नियन्त्रण गर्ने कोठा एक्सरे कोठा भन्दा अलग हुनु पर्नेछ र कम्तिमा १५५ से.मि. ह १२० से.मि को हुनु पर्नेछ ।

(३) प्रोसेसिंङ कोठा एक्सरे कोठा भन्दा अलग हुनु पर्नेछ ।

(४) प्रतिक्षा गर्ने र रिपोर्ट दिने स्थान अलग अलग हुनु पर्नेछ ।

(५) देहाय वमोजिमको कोठाको व्यवस्था गरी विकिरण चुहावट नियन्त्रण गर्नु पर्नेछः

(अ) ढोका र हेर्ने झ्यालमा २ मि.मि. बाक्लो सिसा (लिड) भएको ।

(आ) ०.२ मि.मि. बाक्लो सिसा (लिड) र १५ से.मि ईटाको भित्ता वा २५ से.मि ईटाको भित्ता वा कंक्रिटको भित्ता भएको ।

(इ) संम्भव भएसम्म झ्याल नभएको कोठा, कोठाको भेन्टिलेसन जमिन देखि १८० से.मि. माथि रहेको रु आफै बन्द हुने स्वचलित ढोका भएको ।

(ई) मोवाइल एक्सरे उपकरण संचालन गर्दा तारको लम्वाई कम्तिमा २०० से.मि. भएको ।

(६) पोर्टेबल एक्सरे उपकरणहरु सधै एक खण्ड स्टयान्डमा राखिएको हुनु पर्नेछ ।

(७) कम्तिमा एउटा ०.२ मी.मी. बाक्लो लिड एप्रोन अथवा सो बराबरको बिकिरणबाट सुरक्षा दिने सामाग्री हुनु पर्नेछ।

दुल्लु नगरपालिका
दुल्लु, दैलेख
२०७३

(८) कम्तिमा ०.२ मी.मी. बाक्लो चस्मा क लिकडो पन्जा, थाइराइड शिल्ड र गोनाड शिल्ड उपलब्ध हुनु पर्नेछ ।

(९) विकीरण क्षेत्रमा कार्यरत प्राविधिक कर्मचारीहरुको लागि विकीरण निगरानी उपकरण (Personal radiation dose monitor) प्रदान गर्नु पर्दछ र उक्त उपकरण्को नियमित परिक्षण तीनरतीन महिनामा गर्नुपर्नेछ।

(१०) विकीरण क्षेत्रमा काम गर्ने कर्मचारीहरुका लागि विकिरणको डोजको सिमा इन्टरनेस्नल कमिसन अन रेडियोलोजिकल प्रोटेक्सनले तोकेको मापदण्ड अनुसार २० मी.ली. सिर्वट प्रति वर्ष वा पाँच वर्षको औषत १०० मी.ली सिर्वटको सिमाभित्र हुनु पर्नेछ । त्यो सीमा भन्दा बढी भएमा सम्बन्धित संस्थाले उक्त कर्मचारीलाई विकीरण मुक्त क्षेत्रमा काम गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(११) एक्सरे कोठाको वरिपरी सर्भेक्षण आवधिक रुपमा मेडीकल फिजिसिस्ट वा विकिरण संरक्षण अधिकृतबाट गराउन पर्नेछ । सेवा सुरु गर्नुभन्दा पहिले र प्रत्यक तिन वर्षमा विकिरण सर्भेक्षण गर्नु पर्नेछ ।

(१२) एक्सरेको राम्रो इमेज प्राप्त गर्न मानक एक्सपोजर मापदण्डहरुको चार्ट (स्टयान्डर्ड एक्सपोजर प्यारामिटर चार्ट) प्रयोग गर्नु पर्नेछ ।

(१३) वैकल्पिक विधुत आपूर्तीका लागि ब्याकअपको व्यवस्था हुनु पर्नेछ ।

**(ख) भिडीयो एक्सरे (Ultrasonogram) सेवाको प्रयोग सम्बन्धमा:**

रेडियालोजिष्टहरु बाहेक आफनो क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थवाट कम्तीमा ३ महिनाको भिडीयो एक्सरे तालिम प्राप्त गरेको स्त्री तथा प्रसूति रोग सम्बन्धी विशेषज्ञहरुले गर्न पाउनेछन् । सेवा सञ्चालन गर्न आवश्यक पर्ने निम्नबमोजिमको उपकरणहरुको व्यवस्था हुनु पर्नेछ:

(१) इमर्जेन्सी सेवामा चाहिने औषधि लगायत औजार उपकरणहरुको व्यवस्था हुनु पर्ने ।

(२) स्टेचर, ह्वील चियरको व्यवस्था हुनु पर्ने ।

(३) शौचालयको राम्रो व्यवस्था हुनु पर्ने ।

(४) रेकर्डिङ्ग तथा रिपोर्टिङ्गको लागि छुट्टै कोठाको व्यवस्था हुनु पर्ने ।

(५) वैकल्पिक बिद्युतको लागि जेनेरेटरको व्यवस्था हुनु पर्ने ।

(६) बिरामीको लागि र बिरामी कुरुवा बस्नको लागि कोठा लगायत बेञ्चको व्यवस्था हुनु पर्ने ।

(७) स्टोर, रिपोर्ट डिस्ट्रीव्यूसनको लागि छुट्टाछुट्टैकोठाको र ठाउँको व्यवस्था हुनु पर्ने ।

**(ग) रेडियोलोजी सेवाको लागि न्यूनतम उपकरण तथा जनशक्ति पूर्वाधारहरु:**

| सि.नं | विवरण | क्लिनिक | १५ शैया |
|---|---|---|---|
| १ | एक्सरे मेसिन | १०० एम ए — १ | ३०० एम ए — १ |
| २ | एक्सरे मेशिन पोर्टेवल मोवाईल | स्वैच्छिक | १०० एम ए — १ |
| ३ | अल्ट्रासाउण्ड मेशिन | स्वैच्छिक | स्वैच्छिक |
| | **जनशक्ति** | | |
| | रेडियोलोजिष्ट | आशिंक समय | आंशिक समय |
| | रेडियोग्राफिक अधिकृत* | १ | १ |
| | रेडियोग्राफर** | २ | २ |

* रेडियोग्राफीक अधिकृत (रेडियोग्राफिक टेक्नोलोजिष्ट): चिकित्सा शास्त्र अध्ययन संस्थान वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थान यस रेडियोग्राफीक विषयमा (BSc. MIT, Bsc. RT) स्नातक तह उतिर्ण गरेको हुनु पर्ने । साथै नेपाल स्वास्थ्य व्यावसाय परिषद (Nepal Health Professional Council-NHPC) मा दर्ता हुनु पर्ने ।

**रेडियोग्राफर: चिकित्सा शास्त्र अध्ययन संस्थानबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थाबाट रेडियोग्राफी विषयमा प्रमाण पत्र तह उतीर्ण गरेको हुनुपर्ने । स्वास्थ्य मन्त्रालयको स्वीकृति विना रिडियोलोजी सम्बन्धी मशिन नेपालमा पैठारी गर्न पाइने छैन ।

**२९. प्रयोगशाला सेवा:** (१) प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहाय बमोजिम हुनु पर्नेछ:

| वर्ग | परिक्षण |
|---|---|
| E (ई) वर्ग | • हेमाटोलोजी : टिसी, डिसी, हेमोग्लोबिन, इएसआर, ब्लड ग्रुपीङ्ग, बिटी, सिटी (Hematology: TC, DC, hemoglobin, ESR, blood grouping for non-transfusion purpose, BT, CT )<br>• बायोकेमेष्ट्री : सुगर, यूरिया, बिलिरुबिन टि र डि, एस. यूरिक एसिड, टोटल प्रोटिन, सिरम एल्बुमिन (Biochemistry: Sugar, Urea, Bilirubin T& D, S. Uric Acid, Total protein, serum Albumin)<br>• माइक्रोबायोलोजी : स्पुटम एएफबी स्टेन (Microbiology: Sputum AFB stain (Z-N stain)<br>• आरटिडीबाट परिक्षण (Tests by RDTS: With simple interpretation)<br>• बिविध : रुटिन यूरिन एनालाइसिस, रुटिन स्टुल एनालाइसिस,यूरिन प्रिग्नेन्सि जाँच, स्टुल फर रिडक्सीङ्ग सब्सटयान्स (Miscellaneous: Routine urine analysis, routine stool analysis, urine pregnancy test, Stool for reducing substances) |
| "D" (डी) वर्ग | ई वर्गमा उल्लेख भएका सहित निम्न परिक्षणहरु (All tests of E category plus following):<br>• हेमाटोलोजी : आरबिसी काउन्ट, पिटी, एपिटीटी, प्लेटलेट काउन्ट, हेमाटोक्रिंत, रेड सेल इन्डिक्स (Hematology: RBC Count, PT, APTT, Platelet count, Hematocrit, Red cell Indices )<br>• बायोकेमेष्ट्री : एसजिओटि, एसजिपिटी, एएलपी, लिपीड प्रोफाएल, क्रियाटिनीन, सोडिइम, पोटासियम (Biochemistry: SGOT, SGPT, ALP, lipid profile, creatinine, sodium, potassium)<br>• माइक्रोबायोलोजी : ग्राम स्टेन एण्ड केओएच माउन्ट फर फन्गि (Microbiology: Gram stain and KoH mount for fungi)<br>• सेरोलोजी टेस्ट : आरपिआर, वाइडल टेस्ट, एएसओ टाइटर, आरए फ्याक्टर, सिआरपी, आडीटीबाट जाँच हुने सबै (Serological tests: RPR, Widal test, ASO Titre, RA Factor, CRP, Tests by RDTS: All)<br>• विविध : स्टुल फर अकल्ट ब्लड, यूरिन केटोन बडिज, यूरोबिलिनोजिन, बाइल साल्ट, बाइल पिगमेन्ट, बेन्स जोन्स प्रोटिन (Miscellaneous: Stool for occult blood, Urine ketone bodies, urobilinogen, bile salt, bile pigment, Bence Jones protein) |

(२) प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड: देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुनेछ:



डुल्लु नगरपालिका डुल्लु, दैलेख २०७३

(क) उपदफा १ मा उल्लेखित प्रयोगशालाको वर्ग अनुसार लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाईनेछ ।

(ख) आकस्मिक सेवा प्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परीक्षणहरु गर्नुपर्नेछ ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकायवाट सञ्चालन हुने गुणस्तर नियन्त्रक सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनुपर्नेछ ।

(घ) राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालावाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकास र भेन्टीलेशनको व्यवस्था हुनु पर्नेछ ।

(च) बिजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ ।

(छ) प्रयोगशालाले फोहर व्यवस्थापन नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गरेको हुनु पर्नेछ ।

(ज) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमुना परिक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्था हुनु पर्नेछ ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेवुल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनुपर्नेछ ।

(ञ) प्रयोगशालामा बिशेषज्ञ सेवा प्रदान गर्न्दा आफुले जुन उपाधी प्राप्त गरेको छ सोही अनुसारमात्र सेवा सञ्चालन गर्न पाउनेछ ।

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेको नाम, शैक्षिक योग्यता एवं परिषदको दर्ता नंम्वर उल्लेखित स्ट्याम्प वा प्रिन्टको प्रयोग गरेको हुनुपर्नेछ । उपदफा (१) मा उल्लेखित जनशक्तिले आफुले प्राप्त गरेको प्रमाणपत्रको आधारमा निजी प्रयोगशाला खोली सञ्चालन गर्न पाउनेछन र ल्याव असिष्टेण्टको हकमा आफूभन्दा माथिल्लो उपाधि प्राप्त गरेका व्यक्तिहरुको प्रत्यक्ष निगरानीमा प्रयोगशालामा काम गर्न पाउनेछन् ।

(३) प्रयोगशाला संचालन सम्बन्धी अन्य मापदण्डहरु देहाय बमोजिम हुनु पर्नेछः

१. D(डि) वर्गको प्रयोगशालाको न्यूनतम क्षेत्रफल २५० वर्ग फिट

२. E (ई) वर्गको प्रयोगशालाको न्यूनतम क्षेत्रफल १५० वर्ग फिट

३. प्रयोगशालाको नक्शांकन (ले आउट) नमूना सङ्कलन गर्ने देखि लिएर बिसर्जन सम्म हुने गरी लजिकल फ्लो (logical flow) मिलाएको हुनु पर्नेछ ।

४. नमुना संकलन, नमुना प्रोसेसिङ, नमुना परीक्षण, रिपोर्टिङ आदिका लागि छुट्टाछुट्टै क्षेत्र हुनु पर्नेछ ।

५. तोकिएको कुल क्षेत्रफलको न्युनतम ७०% भाग प्रयोगशालासंग सम्वन्धित प्राविधिक परीक्षण कार्यका लागि छुट्याइएको हुनु पर्नेछ । बाँकी ३०% भागमा प्रयोगशालासंग सम्बन्धित अन्य कार्यहरु जस्तै स् नमुना संकलन, प्रतिक्षालय, मिटिङ, कार्यालय क्षेत्र, भण्डार, शौचालय आदिको लागि व्यवस्था गर्न सकिनेछ ।

नगरपालिका
डुल्लु, दैलेख
२०७३

६. प्रयोगशालामा देहाय बमोजिमको न्यूनतम प्राविधिक जनशक्ति रहनुपर्नेछः-

| मानव संसाधन (प्राविधिक) | वर्ग 'D' | वर्ग 'E' |
|---|---|---|
| जनशक्तिको विवरण | न्यूनतम चार जना : जसमध्य एकजना स्नातक अथवा सो भन्दा माथिको योग्यताको हुनुपर्ने । एक जना स्नातकोत्तर योग्यता भएको हुनुपर्ने । | प्राविधिक जनशक्ति न्यूनतम दुई जना ल्याव असिष्टेन्ट वा सो भन्दा माथिल्लो तहको हुनु पर्ने । |
| चौविसै घण्टा आकस्मिक प्रयोगशाला सेवा संचालन गर्नुपर्ने स्वास्थ्य संस्थाहरुमा आवश्यक थप मानव संसाधन | न्यूनतम एकजना | |

(क)प्रयोगशालामा काम गर्ने प्राविधिक जनशक्ति सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ ।

(ख)प्राविधिक जनशक्तिलाई कार्य बमोजिमको आवश्यक तालिमको व्यवस्था गरेको हुनु पर्नेछ ।

न्यूनतम मानव संसाधनको संख्या गणना गर्दा प्रयोशालाको कार्य वोझको आधारमा फुल टाइम र नियमित पार्ट टाइम जनशक्ति हुनु पर्नेछ । नियमित पार्ट टाइम जनशक्ति भन्नाले दैनिक रुपमा न्यूनतम तीन घण्टा उपलब्ध हुने जनशक्तिलाई मात्रै मानिनेछ । न्यूनतम जनशक्ति प्रयोग गर्दा (दुई जना पार्ट टाइम कर्मचारी बराबर १ जना फुल टाइम) कर्मचारी मानिनेछ ।

## परिच्छेद— ८

## आयूर्वेद तथा वैकल्पिक चिकित्स सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

**३०. आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्डः**

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायको मापदण्डहरुको पालना गर्नुपर्नेछः

**(क) आयुर्वेद स्वास्थ्य सेवाः**

(१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको हुनु पर्नेछ । नेपाल सरकारको वहालवाला कर्मचारी भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) पञ्चकर्म सेवा केन्द्रमा सम्बन्धित विषयमा कम्तिमा वि.ए.एम.एस. वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनुवासन वस्ति र रक्तमोक्षण प्रयोग गर्नुपर्ने र उत्तर वस्तिको लागि सम्बन्धित विशेषज्ञबाट गर्नुपर्नेछ ।

(३) आयुर्वेद अस्पतालमा काम गर्ने कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी आवश्यक तालिम दिनुपर्नेछ ।



दुल्लू नगरपालिका
दुल्लू, दैलेख
२०७३

(४) आयुर्वेद अस्पतालले जनशक्ति, भौतिक पूर्वाधार, औजार—उपकरण र सेवाको गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतिको लागि माग गर्ने र उपयुक्त ठहर भएमा शाखा विस्तारको स्वीकृति दिन सकिनेछ ।

(५) बिरामीको उपचारको सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रिफर) गर्नुपर्नेछ ।

(६) रोग निदानार्थ आवश्यक पर्ने ई.सि.जी., इ.इ.जी, प्याथोलोजी, रेडियोलोजी तथा अन्य आवश्यक सेवाहरु संचालन गर्नुपरेमा सम्बन्धित विषयको जनशक्ति र सो सम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण नीति नियमको पालना गर्नुपर्नेछ ।

(७) इन्टिग्रेटेड क्लिनिक, नर्सिङ्ग होम वा अस्पताल भनी स्वीकृतिका लागि माग भएमा कुनकुन विषय र सेवा दिने उद्देश्य राखिएको हो? सो प्रष्ट उल्लेख गरि सोही बमोजिमका जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नुपर्नेछ ।

(८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रव्य काष्ठौषधि, रसौषधिको प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिइने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वकर्म अन्तर्गतका निराग्नी स्वेद (जल, वायु, सूर्यकिरण, पार्थिवतत्वको प्रयोग), अग्नि स्वेदन, अभ्यङ्ग (Massage), सत्वावजय चिकित्सा (योगाभ्यास, ध्यान आदि) को माध्यमबाट रोगको रोकथाम वा दीर्घजीवनको लागि सञ्चालन गरिने संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएको मापदण्ड पूरा गरि जुन सुकै नाममा संचालन भएता पनि सन्दर्भ ग्रन्थ सहित अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइनेछ ।

(९) जन स्वास्थ्य नियमावली २०७७ को नियम ४ (४) को व्यवस्था अनुसार आकस्मिक सेवा प्रदान गर्नु पर्ने छ ।

**(ख) आयुर्वेद चिकित्सा अन्तरगत रहने सेवाहरुः**

चिकित्सा सेवा:

१. उपचारात्मक (आतुर विकार प्रशमन)

(क) युक्ति व्यापाश्रय चिकित्सा

(ख) संशमन (औषधि चिकित्सा)

(ग) संशोधन (वमनादि पञ्चकर्म शोधन चिकित्सा)

(घ) दैव व्यापाश्रय

(ङ) सत्वावजय

(च) शस्त्र—प्रणिधान

(छ) योगाभ्यास

२. स्वास्थ्य प्रवद्र्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा:

(क) प्रकृति विनिश्चय र परामर्श

(ख) स्वस्थवृत्त पालन —ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहार विहार

(ग) रसायन

(घ) वाजीकरण

(ङ) पञ्चकर्म

(च) योगाभ्यास

**(ग) आयुर्वेद अस्पताल तथा नर्सिङ्ग होम सम्बन्धी मापदण्ड तथा पूर्वाधारः** (१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत निजीस्तरमा सञ्चालन गर्ने अस्पताल एवं नर्सिङ्ग होमहरुले आफ्नो क्षमता अनुसार क्रमशः एक वा एकभन्दा वढी तपसिलमा उल्लेखित विभाग/शाखाहरु सञ्चालन गर्न सक्नेछन्:

(अ) आयुर्वेद चिकित्सा सेवा अन्तर्गत विभाग वा शाखाहरुः

(क) कायचिकित्सा
(ख) बालरोग चिकित्सा
(ग) प्रसूति तथा स्त्रीरोग चिकित्सा
(घ) शल्य चिकित्सा
(ङ) शालाक्य
(च) रसायन
(छ) वाजीकरण
(ज) योगाभ्यास ।

(आ) आयुर्वेद अस्पतालले देहाय बमोजिमको भौतिक पूर्वाधारको व्यवस्था तथा मापदण्डको पालना गर्नु पर्नेछः

| सि.नं. | विवरण | १५ शैया सम्म |
|---|---|---|
| १. | | |
| | (क) जग्गा मापदण्ड सडकसँग जोडिएको हुनुपर्ने (प्रति शैया ५० व.मि.) । | ✓ |
| | (ख) सवारी साधन आवत जावत तथा पार्किङ्गको लागी पर्याप्त ठाउँ हुनुपर्ने । | ✓ |
| | (ग) प्रवेशद्वार र निकासद्वार– गेट छुट्टाछुट्टै हुनुपर्ने । | ✓ |
| | (घ) सञ्चार, बिजुलि, शौचालय तथा खानेपानिको व्यवस्था हुनुपर्ने । | ✓ |
| २. | वहिरङ्ग | ✓ |
| ३. | अन्तरङ्ग | ✓ |
| | आयुर्वेद चिकित्सामा स्नाकोत्तर उपाधि (MD/MS) विषयगत सेवा अनुसार | आवश्यकता अनुसार |
| | चिकित्सक (BAMS) सो सरह | ३ जना |
| | आयुर्वेद सहायक वा सो सरह | ३ जना |
| | आयुर्वेद सह सहायक वा सो सरह | ३ जना |
| | पञ्चकर्म सहायक | आवश्यकता अनुसार |
| | अभ्यङ्ककर्ता | आवश्यकता अनुसार |
| | बि.एस्सी नर्सिङ्ग | आवश्यकता अनुसार |
| | स्टाफ नर्स | १ जना |
| | अ.न.मि. | ३ जना |
| | प्रशासन अधिकृत | आवश्यकता अनुसार |
| | नायब सुब्बा | आवश्यकता अनुसार |
| | खरिदार (लेखा) प्रशासन | १ जना |
| | कम्प्यूटर प्राविधिक खरीदार | आवश्यकता अनुसार |
| | कार्यालय सहयोगीर पाले | ३ जना |
| | भान्छे र टहलुवा | २ जना |
| | माली | आवश्यकता अनुसार |
| | सवारी चालक | आवश्यकता अनुसार |
| | कुचिकार | १ जना |
| | फिजियोथेरापीष्ट | आवश्यकता अनुसार |
| | फिजियोथेरापी सहायक | आवश्यकता अनुसार |
| | जु.मेडिकल रेकर्ड असिस्टेण्ट | आवश्यकता अनुसार |



... नगरपालिका ... कैलाश

| | | |
|---|---|---|
| ४ | औजार सामग्री | |
| | स्टेथेस्कोप (प्रत्येक उपचार कक्षमा) | ✓ |
| | प्रत्येक उपचार कक्षमा बिपी सेट | ✓ |
| | आवश्यकता अनुसार थर्मोमिटर | ✓ |
| | तौलिने मेसिन (Waighting Machine ) | २ |
| | उचाई नाप्ने साधन | २ |
| | टर्च लाइट | २ |
| | कटन, गज ब्यान्डेज | आवश्यकता अनुसार |
| | एप्रोन | आवश्यकता अनुसार |
| | पन्जाहरु | आवश्यकता अनुसार |
| | एक्सरे भ्यू बक्स (X-Ray view Box) | १ |
| | अक्सिजन सेट | २ |
| | ड्रम सेट | ३ |
| | अटोक्लेभ (Autoclave) | ✓ |
| | सर्जिकल सेट | ✓ |
| | सुचर म्याटेरियल (Suture material different size) | ✓ |
| | निडिलहरू (Needle : different size and shape) | ✓ |
| | फोरसेपहरु (forceps) | ✓ |
| | कटिङ्गसेट (Cutting set ) | ✓ |
| | कटिङ्ग कैची (Cutting Scessior) | ✓ |
| | ब्लन्ट कैची (Blunt Scissors) | ✓ |
| | सार्प कैची (Sharp scissors) | ✓ |
| | ल्यान्सेट (Lancet) | ✓ |
| | स्कापेल र किटल होल्डर (Scalpel & kitle holder etc.) | ✓ |
| | ड्रेसिङ्ग सेट (Dressing set) | ✓ |
| | किड्नी ट्रे, सानो ट्रे, ठुलो बावल (Kidney tray,small tray,large bowel) | ✓ |
| | डिसेक्टिङ्ग फोरसेप, थम्ब फोरसेप (Dissecting forceps,thumb forceps (toothed & untoothed) | ✓ |
| | कटन र आवश्यक सामाग्री सहित ड्रेसिङ्ग ट्रली (Dressing trolley,dressing materials,cotton.) | ✓ |
| | गज, ब्यान्डेज, लिउकोप्लाष्ट, जाइलोकिन (Gauge,bandage/leucoplest/xylocain etc.) | ✓ |
| | क्याथेटर सेट (Catherer set) | ✓ |
| | प्लेन फोलिज र म्याट्लिकोट क्याथेटर (Plain folley's & matlicot cather) | |
| | डाइग्नोस्टिक सेट (Diagnostic set) | ✓ |
| | साधारण (General) | |
| | टंग स्पाटुला (Tongue spatula) | ✓ |
| | टर्च लाइट / इमरजेन्सि लाइट (Torch light/emergency light) | ✓ |
| | स्पेसिफीक (Specific) | |
| | ई.एन.टी सेट (ENT set) | ✓ |
| | गाइनेकोलोजिकल इक्जामिनेसन सेट (Gynecological Examination set,D&C set,Cucus,sim's speculum,emema set) | ✓ |
| | नियोनेटल केयर सेट (Neonatal care set) | ✓ |

दुल्लु नगरपालिका दुल्लु, दैलेख २०७३

| | | |
|---|---|---|
| | म्याकीन्टोस सिट, क्यालिज प्याड (Macintos sheet,kally's pad) | ✓ |
| | **अन्य (Other)** | |
| | प्रोक्टोस्कोप/ल्यारेन्गोस्कोप/ अपथाल्मोस्कोप (Proctoscope/Laryngoscope/Ophthalmoscope) | आवश्यकता अनुसार |
| | टोनोमिटरर राइनोस्कोप (Tonometer/Rhinoscope ) | आवश्यकता अनुसार |
| | स्टेरीलाइजर/अटोक्लेभ सेट (Sterilizer/Autoclave drum set) | आवश्यकता अनुसार |
| | इमरजेन्सि केस म्यानेजम्यान्टका लागी आवश्यक उपकरण तथा सामाग्रीहरु (Equipments & Material for emergency case management) | आवश्यकता अनुसार |
| | नेवुलाइजर (Nebulizer) | आवश्यकता अनुसार |
| | रायल्स ट्यूब (Ryle's Tube) | आवश्यकता अनुसार |
| | ग्यास्ट्रिक लभाज सेट (Gastric Lavage set) | आवश्यकता अनुसार |
| | वेड स्क्रिन (Bed screen) | आवश्यकता अनुसार |
| | मास्क | आवश्यकता अनुसार |
| | क्याप | आवश्यकता अनुसार |
| | इयर सिरिन्ज सेट (Ear syringing set) | आवश्यकता अनुसार |
| | उडन स्पिलीन्ट (Wooden spling) | आवश्यकता अनुसार |
| | यूरोब्याग (Urobag) | आवश्यकता अनुसार |
| ५ | अन्तरङ्ग सेवा (Indoor प्रति शैया 7sq.mtr) | |
| | वार्डः पुरुष वार्ड | ✓ |
| | महिला वार्ड | ✓ |
| | चिकित्सा कोठा १०×१० स्क्वायर फिट | १ |
| | शौचालय (पुरुष तथा महिलाका लागी छुटाछुटै) वास वेशिन तथा पानी पर्याप्त | ४ |
| | स्ट्रेचर र ट्रली | १ |
| | चार्ट लकर र फाइल केविनेट | आवश्यकता अनुसार |
| | वेड प्यान - शैया संख्याको आधारमा | ✓ |
| | कुरवा बस्ने टुल (शैया संख्याको आधारमा) | ✓ |
| | चिकित्सक कक्ष | १ |
| | नर्सेज ड्यूटी रुम १०×१५ स्क्वार फिट | १ |
| | बिरामी ओसार्ने एम्बुलेन्स | आवश्यकता अनुसार |
| | **औषधि स्टोरको पूर्वाधार** | |
| | भेन्टिलेशनयुक्त १०×१५ स्क्वायर फिट साइजको कोठा | ✓ |
| | बिरामी पुर्जा दर्ता गर्ने कक्ष | ✓ |
| | औषधि बनाउने टेबुल कुर्सी | ✓ |
| | बिरामिका लागी सोधपुछ तथा सहयोग कक्ष | ✓ |
| ६ | भान्साघर | ✓ |
| ७. | भान्साघर | ✓ |
| | बिरामी दर्ता कक्ष | ✓ |



दुल्लु नगरपालिका
दुल्लु, दैलेख

| | | |
|---|---|---|
| | बिरामी जाँच्ने कोठा | २ वटा |
| | लेखा प्रशासन कक्ष | २ वटा |
| ८. | आकस्मिक सेवा कक्ष (आवश्यक जनशक्ति एवं उपकरण सहित ) | ✓ |
| ९. | प्रयोगशाला कोठा | ✓ |
| १०. | मनोपरामर्श एवं जीवनशैली कोठा | ✓ |
| ११. | योगासन,प्राणायाम,ध्यान आदीको लागी (१२×२४) | १ |
| १२. | पूर्वकर्म सेवा | |
| | • स्नेहन कक्ष र अभ्यङ्ग कक्ष | १ |
| | • स्वेदन कक्ष —नाडी स्वेद लगायत १३ प्रकारका स्वेदनका लागी अलग अलग कक्ष | ✓ |
| | • अभ्यङ्ग टेबुल | १ |
| | • सर्वाङ्ग स्वेदन यंत्र | १ |
| | • नाडि स्वेदन यंत्र लगायत विविध १३ प्रकारमा स्वेदनका लागी अलग अलग आवश्यक यन्त्र | आवश्यकता अनुसार |
| | • कटि तथा जानु स्वेदन यंत्र | आवश्यकता अनुसार |
| | • अवगाह स्वेदन यंत्र | आवश्यकता अनुसार |
| | • पञ्चकर्म सेवाको लागी सामाग्री | आवश्यकता अनुसार |
| | • वमन टेबुल सहित वमन कक्ष | ✓ |
| | • विरेचननीय आशन | ✓ |
| | • शिरोविरेचनको लागी कक्ष तथा साधन | ✓ |
| | • शिरोधारा टेबुल सहित सेट | ✓ |
| | • शिरो बस्ति यन्त्र | ✓ |
| १३. | पञ्चकर्म सेवा पुर्वाधार | ✓ |
| १४. | पुर्नस्थापन कक्ष | ✓ |
| १५. | पञ्चकर्मको लागि औषधि तयारी कक्ष | ✓ |
| १६ | फल फुल सहित स्वाच्छ वातावरण र औषधि युक्त हर्वेरियम समेत हुनुपर्ने | आवश्यकता अनुसार |
| १७ | फिजियोथेरापी/अकुपंचर युनिट | आवश्यकता अनुसार |

**(घ) आयुर्वेद स्वास्थ्य क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुः** आयुर्वेद पोलिक्लिनिक सेवा सञ्चालनगर्दा एउटै व्यवस्थापन अन्तर्गत रही तीन वा सो भन्दा बढी सेवा प्रदान गर्नु गर्ने र औषधि सेवाको व्यवस्था समेत हुनुपर्नेछ । स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा पनि बि.ए.एम.एस (BAMS) वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको हुनुपर्नेछ।

(१) यो सेवा सञ्चालनका लागि आवश्यक न्यूनतम भौतिक सुविधाहरु निम्न अनुसारको हुनुपर्नेछः—

(क) बिरामीको जाँच गर्ने भेन्टिलेटेड कोठा सेवा अनुसारको छुट्टाछुट्टै हुनुपर्नेछ । (कम्तिमा १४*१० वर्ग फिट)

(ख) बिरामी बस्ने ठाउँ

(ग) बिरामी जाँच्ने टेवुल

(घ) चिकित्सकको लागि कुर्सी

(ङ) चिकित्सकको लागि टेबुल

दुल्लु नगरपालिका दुल्लू, दैलेख २०७३

(च) बिरामी बस्ने कुर्सी/टुल

(छ) बिरामी कुर्न बस्ने बेन्चहरुको व्यवस्था

(ज) शौचालयको व्यवस्था

(झ) टेलिफोन (स्वैच्छिक) ।

(२) आवश्यक औजार उपकरणहरु निम्न अनुसारको हुनुपर्नेछः—

(क) थर्मोमिटर —१

(ख) तौल लिने मेशिन —१

(ग) उचाई नाप्ने मेशिन —१

(घ) टंग डिप्रेशर — १

(ङ) ब्लड प्रेशर जाँच्ने मेशिन —१

(च) स्टेथोस्कोप —१

(छ) आँखा, नाक, कान जाँच्ने सेट —१

(ज) प्रोक्टोस्कोप —१

(झ) प्रोव

(ञ) सिरिन्ज

(ट) टर्च लाइट

(ठ) पञ्जा

(ड) मास्क, एप्रोन

(ढ) किड्नी ट्रे

(ण) बाल्टीन ।

(३) अन्य व्यवस्था (थप मापदण्ड):

(क) विशेषज्ञ सेवा र विषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ ।

(ख) बिरामीको सम्पूर्ण बिवरण राख्नको लागि एउटा रजिष्टर हुनुपर्नेछ ।

(ग) क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलकृत गरिएको हुनुपर्नेछ ।

(घ) क्लिनिकमा काम गर्ने व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्र तथा आयुर्वेद चिकित्सापरिषद् दर्ता नं., सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(ङ) मासिक प्रतिवेदन नियम अनुसार सम्वन्धित निकायमा पठाउने व्यवस्था हुनुपर्नेछ ।

**(ङ) आयुर्वेद पूर्वकर्म/पञ्चकर्म सेवा केन्द्र सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरुः**

(१) भौतिक पूर्वाधारः आयुर्वेद पञ्चकर्म सेवा प्रदान गर्ने केन्द्र, हेल्थ क्लव र हेल्थ रिसोर्टहरु सञ्चालनका लागि आवश्यक पर्ने अभ्यङ्ग, स्वेदन, स्नान, वमन, विरेचन, शिरोविरेचन, वस्ति आदि उपचार कक्षहरु र सोका लागि देहायका सामग्रीहरुको व्यवस्था हुनुपर्नेछ । यसका साथै औषधि निर्माण कक्ष, प्रकृति परीक्षण, सत्वावजय चिकित्सा, योग ध्यान एवं अन्य सहायकहरुका लागि आवश्यक कक्षहरु हुनुपर्नेछ । साथै उपयुक्त किसिमका पुस्तकालय, शौचालय आदिको व्यवस्था हुनुपर्नेछ ।

(क) अभ्यङ्ग कक्ष

(ख) स्वेदन कक्ष (ग्यास सिलिण्डर कक्ष बाहिर हुनु पर्ने)

(ग) अभ्यङ्ग टेबुल

(घ) सर्वाङ्ग स्वेदन बक्स

(ङ) नाडि स्वेदन यंत्र

(च) वस्ति यंत्र सेट

(छ) वमन टेबुल सहित वमन कक्ष

(ज) शौचालय संलग्न रहेको विरेचन कक्ष

(झ) विरेचन कुर्सी

(ञ) नस्य कुर्सी

(ट) शिरोधारा टेबुल सहित सेट

(ठ) शिरो बस्ति सेट

(ड) जानु वस्ति,कटि वस्ति आदि सेट

(ढ) कटि स्वेदन टब

(ण) अवगाह स्वेदन टङ

(त) संसर्जन कर्मका लागि भोजनालय

(थ) अन्य पूर्वाधार तथा आत्यायिक चिकित्सा सामाग्री

नोट : पंचकर्मको प्रधानकर्म संचालनका लागि अन्तरंग सेवा संचालन स्विकृति अनिवार्य हुने छ ।



नगरपालिका
दुल्लु, दैलेख
२०७३

(२) पञ्चकर्म सेवाहरु: यी सेवा केन्द्रहरु व्यवस्थित रुपमा सञ्चालित गरिनुपर्नेछ । यी केन्द्रहरुबाट दिइने सेवाहरु आयुर्वेद चिकित्सा सिद्धान्त अनुसार रसायन, वाजीकरण, स्वास्थ्य प्रवद्र्धन, प्रतिरोधात्मक, पुनरुत्थापन एवं उपचारात्मक कर्ममा आधारित रहनुपर्नेछ । रसायन, वाजीकरण सेवा पनि दिनुपर्नेछ । पञ्चकर्म र सो सम्बन्धी सेवाहरु निम्नानुसार गर्नुपर्नेछ :—

(क) पञ्चकर्म

(१) पूर्वकर्महरु: स्नेहन, स्वेदन ।

(२) संसर्जन, रसायन कर्म

(३) प्रधानकर्महरु: वमन, विरेचन, वस्ति (अनुवासन, आस्थापन), शिरोविरेचन, रक्तमोक्षण (जलौका) ।

(४) पश्चात् कर्म ।

(ख) अन्य कर्म

(१) अभ्यङ्ग, स्वेदन, वाह्य वस्ति, नेत्र तर्पण, शिरोधारा, शिरो वस्ति, लेप, कटिस्नान, पादस्नान, पिचु, पिण्ड स्वेदन आदि कर्महरु ।

(२) सत्वावजय कर्म: सत्वावजय, योग, ध्यान, नाद चिकित्सा आदि कर्महरु ।

(३) आवश्यक जनशक्तिहरु : आयुर्वेद चिकित्सा अन्तर्गत पञ्चकर्म र सम्बन्धित कुनै पनि कर्महरु दक्ष अनुभवी आयुर्वेद चिकित्सकहरुको मातहतमा रहेर मात्र दिइनु पर्नेछ । निम्नानुसार योग्यता भएका जनशक्तिहरुबाट उपरोक्त सेवाहरु सञ्चालन गर्नु पर्नेछ:

(क) आयुर्वेद चिकित्सक : आयुर्वेद चिकित्सा प्रणालीमा स्नातक वा स्नातकोत्तर उपाधि प्राप्त ।

(ख) पञ्चकर्म चिकित्सा सहायक : आयुर्वेद चिकित्सा प्रणालीमा प्रमाणपत्र तह वा आयुर्वेद स्वास्थ्य सह सहायक तह उत्तीर्ण गरी न्यूनतम ३ महिनाको पञ्चकर्म तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

(ग) पञ्चकर्म सह—सहायक : कम्तिमा एस.एल.सी.पास गरी आयुर्वेद चिकित्सकको मातहतमा रही सो सम्बन्धी आवश्यक कर्महरुको तालिम सहितको २ वर्षको अनुभव प्राप्त गरेको ।

(घ) अभ्यङ्गकर्ता (महिला र पुरुष दुवै) : कम्तिमा आठ कक्षा पढी २ वर्षसम्म आयुर्वेद चिकित्सकको मातहतमा वसी अभ्यङ्गकर्ताको रुपमा अनुभव प्राप्त गरेको ।

(४) आयुर्वेद अभ्यङ्ग कर्म मात्र दिइने केन्द्रहरुबाट विश्रान्ती अभ्यङ्ग कर्म मात्र दिन सक्नेछन् र सो कर्मका लागि न्यूनतम मापदण्ड पुरा गरेको हुनुपर्नेछ । प्राविधिक निरीक्षण टोलीद्वारा समय समयमा निरीक्षण गरिनेछ ।

**<u>३१. होमियोप्याथिक स्वास्थ्य क्लिनिकमा स्थापना तथा सञ्चालन मापदण्ड:</u>** (१) होमियोप्याथिक स्वास्थ्य क्लिनिकमा स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यताप्राप्त शिक्षण सँस्थाबाट सम्वन्धित विषयमा कम्तिमा पनि स्नातक वा सो सरहको उपाधि प्राप्त गरी सम्बन्धीत परिषदमा दर्ता भएको हुनुपर्ने छ ।

(२) होमियोप्याथिक स्वास्थ्य क्लिनिक/पोलिक्लिनिकमा भौतिक पूर्वाधारहरु निम्नानुसार हुनु पर्नेछ:

**(क) भौतिक पूर्वाधार:**

(क) बिरामी जाँच गर्ने उपयुक्त कोठा

(ख) बिरामी कुर्ने बेन्च र कुर्सी

(ग) बिरामी जाँच गर्ने टेबुल र स्टुल

(घ) शौचालय

**(ख) आवश्यक स्वास्थ्य उपकरणहरु:**

(क) स्टेथेस्कोप

(ख) बि.पी.सेट

नगरपालिका
दुल्लु, दैलेख
२०७३

(ग) ई.एन.टी. सेट

(घ) थर्मोमिटर

(ङ) एक्सरे हेर्ने बक्स

(च) तौल लिने मेसिन

(छ) उचाई नाप्ने साधन

(ज) टर्च

(झ) गज, कटन, ब्यान्डेज

(ञ) पन्जारमास्करसाबुनरएप्रोनरटावेल

(ट) टंङ्ग डिप्रेसर

(ठ) ड्रेसिङ्ग सेट

(ड) बाल्टीन, जग

(ढ) बिरामीको विवरण राख्ने रजिष्टर

**(ग) जनशक्तिः**

(क) होमियोप्याथिक चिकित्सक —१ (कम्तिमा होमियाप्याथिमा स्नातक तह वा सो सरह)

(ख) होमियोप्याथिक सहायक—१ (कम्तिमा होमियोप्याथिकमा प्रमाणपत्र तह वा सो सरह वा होमियोप्याथिक तालिम प्राप्त व्यक्ति ( स्वैच्छिक ) ।

**(घ) सेवाः**

(क) उपचार

(ख) परामर्श

**३२. अकुपंचर/अकुप्रेसर चिकित्सा स्वास्थ्य सेवा स्थापना तथा सञ्चालन मापदण्ड**:

(१) अकुपंचर/अकुप्रेसर चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालमा सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम स्नातक अकुपंचर या सो सरह मान्यता प्राप्त शैक्षिक योग्यताको प्रमाण पत्र वा उपाधि हासिल गरि सम्बन्धित परिषद्मा दर्ता भएको हुनु पर्ने छ ।
अकुपंचर/अकुप्रेसर चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्ने क्लिनिकमा न्यूनतम तीन वर्ष डिप्लोमा अध्ययन गरी सम्बन्धित परिषद्मा दर्ता भएको हुनु पर्ने छ । नेपाल सरकारको बहालवाला कर्मचारी भएमा सम्बन्धित कार्यालयको पुर्व स्वीकृति लिनु पर्ने छ ।

(२) अकुपंचर/अकुप्रेसर चिकित्सा अस्पताल तथा क्लिनिकमा काम गर्ने जनशक्ति (चिकित्सा सेवा संग सम्वन्धित) सम्वन्धित परिषद्मा दर्ता भएको हुनु पर्ने छ।

(३) अकुपंचर/अकुप्रेसर चिकित्सा अस्पतालले दक्ष जनशक्ति, भौतिक पूर्वाधार, प्रविधि—औजार उपकरण र गुणस्तरीय सेवाको विस्तार गरेर मात्र संस्था विस्तार गर्न माग गर्नु पर्दछ । शाखा विस्तारका लागि पनि आवश्यक न्यूनतम पूर्वाधार पुगेमा स्विकृति दिइने छ ।

(४) बिरामीको उपचारको सिलसिलामा आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञ चिकित्सक, विशेषज्ञ सेवा प्रदान गर्ने अस्पताल वा अन्य उपयुक्त स्थानमा प्रेषण (रिफर) गरि पठाउन सकिने छ ।

(५) इन्ट्रिग्रेटेड (सम्युक्त वा एकिकृत) क्लिनिक/पोलीक्लिनिक/नर्सिङ्गहोम/अस्पताल वा अन्य स्वास्थ्य सेवा प्रदायक संस्था स्थापना र सञ्चालन गर्ने भनि स्विकृतिका लागि माग भएका अस्पतालमा अकुपंचर/अकुप्रेसर चिकित्सा शाखा सूरु गर्दा उल्लेख गरि सोहि बमोजिमका आवश्यक जनशक्ति, उपकरण र भौतिक पूर्वाधारको व्यवस्था गर्नुपर्नेछ।

दुल्लु नगरपालिका
दुल्लु, दैलेख
२०७३

(६) रोग निदानका लागि वा उपचारमा आवश्यक पर्ने (प्याथोलोजी, रेडीयोलोजी, विभिन्न चिकित्सा पद्धती एवं थेरापी तथा अन्य) सेवा थप गरि सञ्चालन गर्नु परेमा सम्बन्धित विषयको जनशक्ति, भौतिक पूर्वाधार एव उपकरण सम्बन्धि नियमको पालना गर्नुपर्ने छ ।

(७) अकुपंचर/अकुप्रेसर अस्पताल, क्लिनिक, पोलिक्लिनिक निरिक्षण एवम् स्विकृति प्रदान गर्ने समितिमा अकुपंचर/ टि सि एम चिकित्सकको सम्लग्नता हुनुपर्ने छ ।

(८) अकुपंचर/अकुप्रेसर चिकित्सा अन्तर्गत रहने मुख्य सेवाहरु:

१. टि.सि.एम.
२. मोक्सिबुसन
३. अकुपंचर
४. कपिङ्ग
५. अकुप्रेसर तथा थुईना
६. ब्लड लेटिङ्ग (Blood Letting)

## ३३. अकुपंचर/अकुप्रेसर क्लिनिक सम्बन्धी मापदण्ड तथा पुर्वाधारहरु:

क्लिनिक तथा पोलिक्लिनिक सञ्चालन गर्दा दिइने सेवाहरु अकुपंचर/अकुप्रेसर चिकित्सा अन्तर्गत रहेका चिकित्सा सेवामा आधारित हुने छन् । अकुपंचर/अकुप्रेसर क्लिनिक सन्चालन गर्ने तथा परामर्श दिने व्यक्ति कुनै पनि मान्यताप्राप्त शिक्षण संस्थाहरुबाट कम्तिमा एक्यूपन्चर डिप्लोमा वा सो सरहको सम्बन्धित शैक्षिक योग्यताको प्रमाणपत्र वा त्यस पश्चातका अन्य उपाधि प्राप्त गरी सम्बन्धित परिषद्मा दर्ता भएको हुनुपर्ने छ ।

अकुपंचर चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्ने क्लिनिकहरु दुई प्रकारका हुनेछन् ।

चिकित्सकद्वारा सञ्चालित केन्द्र हरुलाई अकुपंचर/अकुप्रेसर केन्द्र "क" र अकुपंचर चिकित्सा सहायकद्वारा सञ्चालित केन्द्र हरुलाई अकुपंचर/अकुप्रेसर केन्द्र क्लिनिक "ख" भनी नामाकरण गरिने छ ।

१. चिकित्सकीय सेवा (चिकित्सकले दिने सेवा) : चिकित्सकीय सेवा दिने क्लिनिकमा कम्तिमा अकुपंचरमा स्नातक वा स्नाकोत्तर उपाधि हासिल गरि सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्नेछ ।

२. सामान्य सेवा (अकुपंचर प्राबिधिकले दिने सेवा):

(क) अकुपंचर सेवा संचालनको लागि आवश्यक भौतिक पूर्वाधारहरु:

- बिरामी जाँच गर्ने भेन्टिलेटेड कोठा छुट्टै हुनुपर्ने । (कम्तीमा १४*१० वर्ग फिट)
- बिरामी बस्ने ठाउँ (कुर्ने ठाउँ)
- बिरामी जाँच्ने टेबुल
- चिकित्सक कुर्सी
- चिकित्सक टेबुल
- बिरामी बस्ने कुर्सी /टुल
- बेञ्चहरु (बिरामी कुर्न बस्ने)
- शौचालय व्यवस्था
- टेलिफोन (स्वेच्छिक)

(ख) आवश्यक औजार उपकरणहरु:

- अकुपंचर निडिल
- अकुपंचर बेड
- मोक्सा स्टिक

दुल्लु नगरपालिका
दुल्लु, दैलेख
२०७३

- कपिङ्ग सेट
- अटोक्लेभ
- स्टेथोस्कोप
- थर्मामिटर
- रेकर्ड रजिष्टर
- अन्य व्यवस्था जनरल अस्पताल सरह
- इलेक्ट्रिक स्टिमुलेटर
- रक्तचापनाप्ने यन्त्र (B.P.Set)
- नाक, कान, घाँटी जाँच्ने यन्त्र उपकरण (ENT Set)
- तौल एवं उचाई नाप्ने यन्त्र
- टंङ्ग डिप्रेसर
- एक्स रे भ्यू बक्स
- मास्क
- बकेट
- टर्च
- पन्जा
- एप्रोन
- निडील

(३) अन्य व्यवस्था (थप मापदण्ड):

(क) विशेषज्ञ सेवा र विषय अनुसारको आवश्यक औजार उपकरणहरुको व्यवस्था हुनुपर्नेछ ।

(ख) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि एउटा रजिष्टर हुनुपर्नेछ ।

(ग) क्लिनिकमा प्रयोग गरिने सम्पूर्ण औजारहरु अनिवार्य रुपमा निर्मलकृत गरिएको हुनुपर्नेछ ।

(घ) क्लिनिकमा काम गर्ने व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्र तथा परिषद् दर्ता नं., सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(ङ) मासिक प्रतिवेदन नियम अनुसार सम्बन्धित निकायमा पठाउने व्यवस्था हुनुपर्नेछ ।

## **३४. प्राकृतिक चिकित्सा स्वास्थ्य सेवा स्थापना तथा सञ्चालन मापदण्ड:**

(१) प्राकृतिक चिकित्सा अन्तर्गत रहने मुख्य सेवाहरु:

- आकाश चिकित्सा ( उपवास/चैतन्यवोध एवं अन्य)
- जल चिकित्सा
- अग्नि चिकित्सा
- वायु चिकित्सा
- माटो चिकित्सा (माटो, बालुवा, ढुङ्गा, खनीज आदि)
- मालिस चिकित्सा (तेल, लेप, चुर्ण, खनीज आदि)
- योग चिकित्सा, व्यायाम चिकित्सा, अध्यात्म चिकित्सा
- भौतिक चिकित्सा (फिजिकल थेरापी)
- अकुपञ्चर
- क्रमोथेरापी, म्याग्नेटोथेरापी

दुल्लू नगरपालिका दुल्लू, दैलेख २०७३

- प्राकृतिक भोजन, कल्प, रसाहार, फलाहार, खाद्य, खनिज, वनस्पति, सप्लिमेण्ट एवम् अन्य

(२) प्राकृतिक उपचार केन्द्र सञ्चालनको लागि देहायको पूर्वाधार तथा मापदण्ड पालना गरेको हुनु पर्नेछः प्राकृतिक उपचार केन्द सेवा सञ्चालन गर्दा एउटै व्यवस्थापन अन्तर्गत रही एक वा सो भन्दा बढी संचालन हुनु पर्दछ। स्वास्थ्य जाँच गर्ने तथा परामर्श दिनेव्यक्ति कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा स्नातक सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित चिकित्सा परिषद्मा दर्ता भएको हुनुपर्नेछ । प्रति सेवाको लागी एक जना चिकित्सा सहायक हुनु पर्नेछ ।

(क) एक सेवा संचालनको लागि आवश्यक भौतिक पूर्वाधारहरुः

- बिरामी जाँच गर्ने भेन्टिलेटेड कोठा सेवा अनुसार छुट्टाछुट्टै हुनुपर्ने । (कम्तीमा १४ह१० वर्ग फिट– १ कोठा)
- उपचार कक्ष – २ कोठा
- योग कक्ष – १ कोठा
- बिरामी बस्ने ठाउँ (कुर्ने ठाउँ)
- बिरामी जाँच्ने टेबुल
- चिकित्सक कुर्सी
- चिकित्सक टेबुल
- बिरामी बस्ने कुर्सी/टुल
- बेञ्चहरु (बिरामी कुर्न बस्ने)
- शौचालय व्यवस्था

(ख) आवश्यक औजार उपकरणहरुः

- सम्पूर्ण शरीरको वाष्पस्नान यन्त्र
- स्थानीय वाष्पस्नान यन्त्र
- कटिस्नान टव
- रीढस्नान टव
- एनीमा (Enema)
- विभिन्न प्रकारका पट्टिहरु (चिसो पट्टि)
- सेकका यन्त्रहरु
- माटो चिकित्सामा प्रयोग हुने उपकरणहरु
- सूर्य किरण चिकित्सामा प्रयोग हुने उपकरण
- षद्कर्ममा प्रयोग हुने उपकरणहरु
- मालिसमा प्रयोग हुने उपकरणहरु
- पानीलाई विभिन्न तापक्रममा ल्याउने एवं वाफ बनाउने यन्त्र
- थर्मोमिटर (पानीको तापक्रम र शरीरको तामक्रम नाप्न)
- उचाई नाप्ने मेशिन
- तौल मेसिन
- टंङ्ग डिप्रेसर
- किड्नी ट्रे
- विपी इन्सुटुर्मेन्ट
- स्टेथेस्कोप
- ई.एन.टि. सेट
- मास्क
- बकेट
- सिरीन्ज
- टर्च
- पन्जाहरु
- एप्रोन

दुल्लु नगरपालिका
दुल्लु, दैलेख
२०७३

**नोटः** सेवा र विषय अनुसार मालिश चिकित्सा, जल चिकित्सा, फिजियोथेरापी, एकुपन्चर, प्रकृतिक भोजन, योग चिकित्सा एवम् अन्य उपकरण आवश्यकता अनुसार हुनु पर्ने छ ।

**<u>३५. सेवा रिग्पा (आम्ची) क्लिनिक पूर्वाधार मापदण्डहरुः</u>** (१) सोवा रिग्पा (आम्ची) क्लिनिक/पोलिक्लिनिक स्वास्थ्य सुविधा र जाँच गर्ने व्याक्ति कम्तिमा काचुपा (स्नातक तह)/दुराप्पा (प्रमाण पत्र तह)/काङजिन्पा प्राविधिक एस.ई.ई. तह)/परम्परागत रुपमा उपचार संकलन आम्चीहरु हुनुपर्ने छ ।

(२) सोवा रिग्पा (आम्ची) क्लिनिक/पोलिक्लिनिकमा भौतिक पूर्वाधारहरु निम्नअनुसार हुनुपर्नेछ :

(क) विरामी जाँच गर्ने उपयुक्त कोठा -१

(ख) विरामी कुर्ने कुर्सी -१

(ग) विरामी जाँच गर्ने टेबुल र स्टुल -१

(घ) औषधि राख्ने र्याक -१

(ङ) जाँच गर्नको लागि बेड -१

(च) शौचालय -१

(३) जनशक्तिं

(क) सोवारिग्पा आम्ची (काचुपा/दुराप्पा/काङजिन्पा/परम्परागत रुपमा उपचार संकलन (आम्ची) मध्ये -१

(ख) कर्मचारी काङजिन्पा वा सोवा रिग्पा आम्ची चिकित्सकमा आधारभूत तालिम प्राप्त -१

(४) उपकरणहरु

(क) स्टेथेस्कोप -१

(ख) वि.पि सेट -१

(ग) मुत्र विष्लेषण सिरामिक कप -१

(घ) तौल नाप्ने मेसिन -१

(ङ) टर्च -१

(च) आवश्यकता अनुसार विरामीको नाडी जाँच गर्दा हात राख्ने सानो तकिया -१

(छ) मोक्सिवेसन (टावा) आवश्यकता अनुसार

(ज) रगत निकाल्ने ब्लेट वा (चक्पु) आवश्यक अनुसार

## <u>परिच्छेद—१०</u>

## <u>अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था</u>

**<u>३६. अभिलेख तथा प्रदिवेदनः</u>**

(१) यस निर्देशिका बमोजिम स्वीकृत प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोकेको (डि.एच.आई.एस.२ र एच.एम.आइ.एस.) ढाँचामा आफुले प्रदान गरेको सेवाको मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गतेभित्र दुल्लू नगरपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी तोकिए बमोजिम प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई नगरपालिकाले सचेत गराउन सक्नेछ ।

(२) नगरपालिकामा हुने मासिक, चौमासिक, अर्धवार्षिक, बार्षिक समिक्षाहरुमा स्वीकृत प्राप्त स्वास्थ्य संस्थाले अनिवार्य रुपमा उपस्थिती भई प्रगति प्रतिवेदन पेश तथा प्रस्तुति गर्नु पर्ने छ ।

(३) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई दुल्लू नगरपालिकाले तालिम लिने व्यवस्था गराउनु पर्नेछ ।



नगरपालिका
दुल्लू, दैलेख

(४) स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको विवरण आई.सि.डी १० (ICD-10) अनुसार कोडिङ्ग (Coding) गरी सोही अनुसार प्रतिवेदन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) स्वास्थ्य संस्थाले आफनो संस्थामा भएको जन्म तथा मृत्यको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा प्रतिवेदन दिनु पर्नेछ ।

(६) स्वास्थ्य संस्थाले आफनो संस्थामा नेपाल सरकारले तोकेको नोटिफाएबल रोगहरु (Notifiable diseases) का बिरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै दुल्लू नगरपालिकामा सूचना गर्नुपर्नेछ ।

## परिच्छेद–११

## सञ्चालन अनुमति नवीकरण हुन नसक्ने अवस्था र खारेजी सम्बन्धी व्यवस्था

**३७. सञ्चालन अनुमति नवीकरण नहुने** : (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिको नवीकरण गरिने छैन :

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार पुरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ग) अस्पतालले प्रदान गरेको सेवाको प्रतिवेदन वार्षिक रुपमा नगरपालिका पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित चिकित्साजन्य फोहरमैलााको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) दुल्लू नगरपालिका वा सम्वन्धित निकायले दिएको निर्देशनको पटक पटक उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुरानो भवनको हकमा तोकिएको समयभित्र भुकम्पीय दृष्टिकोणले भवन प्रवलीकरण गरेको नपाईएमा ।

(छ) दफा ३६ को उपदफा (१),(२),(४) र (५) मा तोकेअनुसार नगरेको पाईएमा ।

**३८. खारेजी गर्न सकिने :** यो निर्देशिका प्रारम्भ हुनु अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाई सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा दुल्लू नगरपालिकाले त्यस्तो संस्थाको सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ ।

## परिच्छेद – १२

## विविध

**३९. सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्था** : (१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउने प्रयोजनको लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरको आधारमा त्यस्तो स्वास्थ्य संस्थाले लिन सक्ने शेवा शुल्क सम्वन्धी मापदण्ड निर्धारण दुल्लू नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन समितिले गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि दुल्लू नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन समितिको वैठक आवश्यकता अनुसार वस्नेछ।

**४०. मापदण्ड तथा अनुसूचीमा हेरफेर** : दुल्लू नगर कार्यपालिकाले यस निर्देशिकामा उल्लिखित मापदण्ड तथा अनुसूचीहरूमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

दुल्लू नगरपालिका दुल्लू, दैलेख २०७३

**४१. व्याख्या गर्ने अधिकार** : यस निर्देशिकामा उल्लिखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा दुल्लू नगर कार्यपालकाले सो मापदण्डको व्याख्या गर्नेछ ।

**४२. स्वतः अमान्य हुने** : यस निर्देशिकामा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनको कुनै व्यवस्थासँग वाझिएमा वाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

**४३.प्रचलित कानून र मापदण्ड बमोजिम हुने** : यस निर्देशिकामा उल्लेखित विषय यसै बमोजिम र उल्लेख नभएका विषय प्रचलित कानून, स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नती सम्वन्धी मापदण्ड २०७० (संसोधन २०७३) र स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ (संशोधन २०७८) बमोजिम हुनेछ ।

## अनुसूची – १

### पूर्वाधार, स्थायी एवं स्तरोन्नती स्वीकृतिको प्रयोजनको लागि प्राविधिक समिति सम्बन्धी व्यवस्था

(दफा २ को खण्ड (ण) सँग सम्बन्धित)

| | | |
|---|---|---|
| १. सामिजक विकास समिति संयोजक | – | संयोजक |
| २. मे.सु.- मेडिकल अधिकृत | – | सदस्य |
| ३. ल्याव टेक्नीसियन-अधिकृत (एक) | – | सदस्य |
| ४. रेडियोग्राफर-अधिकृत (एक) | – | सदस्य |
| ५. पब्लिक हेल्थ नर्स-(अधिकृत (एक) | – | सदस्य |
| ६. इन्जिनियर- (सिभिल) (एक) | – | सदस्य |
| ७. आयुर्वेद चिकित्सक- (स्वास्थ्य शाखा) | – | सदस्य |
| ८. वायोमिडकल इन्जिनियर | – | सदस्य |
| ९. नगर स्वास्थय शाखा प्रमुख | – | सदस्य सचिव |

नोटः प्राविधिक समितिले आवश्यकता अनुसार सम्बन्धित विपयका विशेषज्ञलाई समितिका सदस्यका रुपमा थप गर्न, अनुगमनमा समावेश गर्न तथा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

दुल्लू नगरपालिका दुल्लू, दैलेख २०७३


## अनुसूची– २

## भवन सम्बन्धी मापदण्ड

## (दफा २ को खण्ड (द) सँग सम्बन्धित)

भवन निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा उल्लेख गरिएको भए सोही अनुसार तथा नभएका हकमा देहायको मापदण्ड अनुसार कायम गरिनुपर्नेछ ।

- अधिकतम ग्राउण्ड कभरेज — ४० प्रतिशत
- Floor Area Ratio (FAR) — २.५
